# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा शताब्दियौं देखिनै विभिन्न किसिमका जातजाति, धर्मावलम्बी, भाषाभाषिका समूहहरु जसको आफ्नै मौलिक रहनसहन, चाडपर्व, परम्परा र चालचलन जस्ता संस्कृतिहरु रहिआएका छन् । जसको पनि आफ्नै महत्व र औचित्य रहेको छ । हिमाली प्रदेश नेपालको उत्तरी भागमा अर्थात पहाडी प्रदेश भन्दा उत्तरी दिशामा अवस्थित छ । जसले देशको कुल भू-भागको १७ प्रतिशत भाग ओगटेको छ । हिमाली क्षेत्रमा भोटे, लामा, शेर्पा, थकाली आदि जातिको वसोवास छ । यहाँका मानिसले पेशाको रुपमा पशुपालन र केही मात्रामा अन्न खेतीलाई पनि अंगालेको पाइन्छ । यस प्रदेशमा वाह्रै महिना हिउ परिरहन्छ । यसरी प्रतिकूल वातावरण र जमिनमा हुने कम उत्पादकत्वले गर्दा यहाँको जनघनत्व पनि कम रहेको छ ।

नेपालको अधिकांश भू-भाग ( ६८ प्रतिशत ) पहाडै पहाडले ढाकेको छ । जुन विस्तृत रुपमा पूर्व-पश्चिम फैलिएको छ । यहाँ विविध किसिमको भौगोलिक अवस्था र वातावरण पाइन्छ । त्यसैले गर्दा यहाँको जीवन निर्वाह प्रकृयामा विविधता पाइन्छ । यस प्रदेशमा वसोवास गर्ने मानिसहरुले खेती र पशुपालनलाई नै मुख्य पेशाको रुपमा अंगालेका छन भने फलफूल र तरकारी खेती पनि यस क्षेत्रमा फस्टाएको छ । वाहुन, क्षेत्री, नेवार, ठकुरी, राई, लिम्बू, गुरुङ, मगर, तामाङ, चेपाङ तथा पेशेवर जातिहरुले वसोवास गरिआएको पाइन्छ । जनघनत्वका आधारमा पहाडी प्रदेश मध्य किसिमको रहेको छ ।

नेपालको दक्षिणी भाग वा पहाडी प्रदेशको दक्षिण तर्फ करिव १५ प्रतिशत भू-भागमा तराई प्रदेश अवस्थित छ । जहाँ समथर भुभागयुत्त जमिन रहेको छ । धान, गहुँ जस्ता खाद्यान्न वाली, नगदेवाली तथा औद्योगिक उत्पादनमा तराई प्रदेश प्रशिद्ध छ । त्यसैले तराई प्रदेशलाई नेपालको अन्न भन्डार पनि भनिन्छ । राजवंशी, थारु, यादव,

सतार, राजपुत, धिमाल, मुसहर, मुसलमान जस्ता जातिहरु तराई क्षेत्रका आदिवासी जाति हुन् । हिमाल,पहाड र तराई तीन प्रदेशमा विभाजित भौगोलिक वनावट सोही अनुरुपको पृथक हावापानी, उत्पादनका स्वरुपहरुले जनसंख्याको समानुपातिक वितरण रहेको पाईन्छ ।

भौगोलिक आधारमा मात्र नभई जनजातिगतरुपले पनि जनघनत्वको वितरणमा ठूलो भिन्नता पाइन्छ । जस्तै  राई, तामाङ, गुरुङ, शेर्पा, सतार, राजवंशी, थारु, जिरेल, नेवार, मगर, लिम्बू, सुनुवार  जस्ता जनजातीय समूहहरु देशको विभिन्न भागमा छरिएर रहेको पाइन्छ । यसरी नेपालमा जातीय भेद र विभिन्नता एक अनौठो विशेषता वन्न पुगेको छ ।

जातीय वनावट र परम्परालाई हेर्दा उत्तरी भागका निवासीहरुमा तिब्बति र दक्षिणी भागका निवासीहरुमा भारतीय रहनशहनको प्रभाव परेको देखिन्छ । यद्यपि वर्तमान नेपालमा यातायात, संचार र विश्वव्यापीकरणको प्रभावले गर्दा जुनसुकै जातजातिको निवास स्थलमा परिवर्तन आएको छ । यसरी जातिगत विविधताका साथै भाषिक विविधता पनि नेपालको अर्को महत्वपूर्ण विशेषता हो । नेपाली, मैथिली, भोजपुरी, तामाङ, थारु, अवधी, नेवारी, मगर, राई किराँती, गुरुङ, लिम्बू आदि भाषाभाषी वोल्ने मानिसहरुको वसोवास यहाँ रहेको पाइन्छ ।

जातिगत एवं भाषागत विविधताका साथै नेपाली समाज धार्मिक विश्वासका आधारमा पनि विभाजित छ । यहाँ हिन्दु, वौद्ध, मुस्लिम, जैन, क्रिश्चियन, किराँत आदि धर्म मान्ने मान्ने मानिसहरुको वसोवास रहेको पाइन्छ । त्यसमा पनि हिन्दु धर्म मान्ने मानिस हरुको संख्या धेरै रहेको छ ।

यसरी क्षेत्रफलका आधारमा सानो भएता पनि नेपालको विविध भौगोलिक र वातावरणीय अवस्थामा हुर्किएका अनेक जातजातिहरुको आ(आफ्नो प्रकारको जीवन पद्धती, सामाजिक र आर्थिक विविधता रहेको छ । त्यस्तै आ-आफ्नै परम्परा, रितिरिवाज, धर्मकर्म, चालचलन, सँस्कृति रहेको छ । यिनै जातिगत विविधताका कारण समाज निर्माणमा पनि विविधता रहेको पाइन्छ । वास्तवमा त्यही विविधाता नै नेपालीहरुको पहिचान हो । नेपालमा वसोवास गर्ने उल्लेखित विभिन्न जातिहरुमध्ये कुमाल जाति पनि

एक हो । कुमाल जाति नेपालका विभिन्न भागहरु जस्तैः गुल्मी, अर्घाखाँची, स्याङ्जा, चितवन, पाल्पा, तनहुँ, नवलपरासी, गोर्खा, प्यूठान, दाङ, रुपन्देही, खोटाङ्ग आदि जिल्लाहरुमा छरिएर रहेका छन् । यिनीहरुको कुल जनसंख्या नेपालभर ९९३८९ रहेको छ भने खोटाङ्ग जिल्लाभरि यिनीहरुको संख्या ४७५६ रहेको छ (के.त.वि. २००१) ।

विभिन्न जातिगत समुह जस्तै मगर, गुरुङ, शेर्पा, तामाङ का वारेमा धैरै अध्ययन अनुसन्धान भएका छन् तर कुमाल जातिका विषयमा थोरै मात्र अध्ययन अनुसन्धान भएका छन् । यी अध्ययन वाट के थाहा हुन आएको छ भने भिन्न भिन्न ठाँउको पर्यावरणीय प्रभावका कारण कुमालहरुका पनि विभिन्न कुराहरुमा फरकपन देखिएका छन् । कुमालहरु तराई, भित्रि तराई, मध्य पहाडी भेगका मौलिक जातीय समुह हुन । यस अध्ययनमा कुमाल जातीहरुको वारेमा परम्परा, रितिरिवाज, धर्मकर्म, चालचलन, सँस्कृति,आर्थिक जिविकोपार्जन, उनीहरुको पेशा जस्ता विषयमा केन्द्रित रहने छ ।

## १.२ समस्याको कथन

विभिन्न जाति तथा जनजातिहरुको उद्गम स्थल, जातिय सामाजिक संरचना, व्यवसायिक/पेशागत पृष्ठभूमि, सांस्कृतिक परम्परा, जातिगत रुपमा मानिने धर्म, संस्कार, रिती रिवाज, आर्थिक उपार्जन जस्ता विषय वस्तुहरुको वारेमा कुनै लेख, पुस्तक तथा सो सम्वन्धि जानकारी दिने हेतुले कुनै अध्ययन हुन आवश्यक हुन्छ । यसै प्रसङगमा नेपालमा वसोवास गर्ने विभिन्न जातीहरु मध्ये कुमाल जातीको वारेमा तथ्यगत रुपमा जानकारीहरु वटुल्ने प्रयोजनले यो अध्ययन को आवश्यकता महशुष गरिएको छ । यथार्थमा कुमालहरुको अवस्था के छ भन्ने विषयमा उनीहरुको सामाजिक,सांस्कृतिक तथा आर्थिक अवस्थाको वारेमा विभिन्न अध्ययनका विधिहरु अपनाई पूर्ण रुपमा समुहगत अर्थात राष्ट्रको पहिचान र ऐतिहांसिक विकासक्रममा प्रत्येक जाती तथा जातिय पेशा,संस्कार र सामाजिक व्यवहारको अलग्गै पहिचान र महत्व रहेको यथार्थतालाई प्रष्ट पार्नु आवश्यक छ । देश विकासको राष्ट्रिय सन्दर्भमा प्रत्येक जनजातीय समुहहरुको आ-आफ्नै महत्व रहेको हुन्छ । नेपालका विभिन्न जातीय समुह मध्ये केही जातीय समूहलाई परिचय गराउने उनीहरुको आफ्नो पुर्ख्यौली पेशा, जसलाई जातीय पेशा पनि भनिन्छ, रही आएको छ । जस्तै फलामको काम गर्ने, भाँडा वनाउनेलाई कामी भनिन्छ । त्यस्तै कपडा

सिलाउनेलाई दमाई, छालाको जुत्ता सिलाउनेलाई सार्की, सुनको गहना बनाउनेलाई सुनार, काठको काम गर्नेलाई सिकर्मी र माटोको भाँडा बनाउनेलाई कुमाले भनिन्छ । नेपाल वहु धार्मिक, वहु जातीय, वहु भाषिक साथै वहु साँस्कृतिक देश हो । अन्य जातीहरुको जस्तै कुमाल जातीहरुमा पनि उनीहरुको सामाजिक संस्था परिवार, विवाह, नातेदार, लवाइखवाई, आर्थिक अवस्था, धर्म, जीवनशैलीमा के कस्ता परिवर्तनहरु आएका छन् भन्ने विषयमा अध्ययन केन्द्रित छ ।

नेपालमा वसोवास गर्ने हरेक जातिका आ-आफ्नै मूल्य, मान्यता र आदर्शहरु हुन्छन् । आ-आफ्नो जातिय धार्मिक र साँस्कृतिक परम्पराहरु हुन्छन् । जातिय पहिचानलाई जिवन्तता दिन सामाजिक संस्थाहरु क्रियाशिल रहेका हुन्छन् । परापूर्वकाल देखि नै स्वभाविक र प्रयोगमा आउने गरेको जातिय गतिविधीहरुलाई निरन्तरता दिदैं प्रत्येक जातीहरुको छुट्टै सामाजिक, सांस्कृतिक तथा आर्थिक व्यवहार र क्रियाकलापहरु क्रियाशिल रहदै आएको छ ।

यस अध्ययनमा मुलतः कुमालहरुको सामाजिक अवस्था, आर्थिक अवस्था र सांस्कृतिक अवस्थामा के कस्ता परिवर्तनहरु आएका छन् भन्ने विषयमा उनीहरुको अवस्थावारे यथार्थ तथ्य प्रस्तुत गर्न यो अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको वृहत्तर उद्देश्य खोटाङ्ग जिल्लाको राजापानी गा.वि.स. वडा नं ५ साधने र हरबोटेका कुमालहरुको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको अध्ययन गर्नु रहेको छ । यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेको छ ।

- कुमाल जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक पक्षको अध्ययन गर्ने ।
- कुमाल जातिको शैक्षिक पक्षको अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य

जातिय विविधता नेपालको आफ्नो पहिचान हो । हाम्रो समाजमा पिछडिएका र विकासवाट टाढा रहेका थुप्रै जातिहरु छन् । यस्ता पिछडिएका जातिहरु एकातिर अन्धविश्वास, रुढिवादी संस्कार एवं परम्परागत मान्यताको सिकार भएका छन् भने अर्कोतिर आधुनिक विज्ञान, सूचना प्रविधिको वारेमा जानकारी पाउन सकेका छैनन् र यसको महत्व पनि बुझ्ने अवसर पाएका छैनन् । विकासको गतिमा आफ्नो सहभागितालाई निश्चित गर्न नसकिरहेका जनजातिहरु मध्ये कुमाल पनि एक जनजाति हो । कुमाल जाति पनि गरिवी, अशिक्षा, अन्धविश्वास, सामाजिक न्याय वाट वञ्चित र आर्थिक शोषणवाट ग्रसित एक जाति हो । यिनीहरुले साधन, स्रोत र बजारको अभावमा आफ्नो पुर्ख्यौली देखी चली आएको माटाका भाँडा वनाउने पेशालाई विस्तारै विस्तारै छोडन् बाध्य भएका छन् भने सो पेशाको विकल्पको रुपमा र अंगाल्दै आएको कृषि पेशा पनि परम्परागत खालको छ । शिक्षा,सीप र अवसर विहिन भएकाले वैकल्पिक रोजगारवाट पनि लाभान्वित हुन सकेका छैनन् ।

देशको समग्र विकास भन्नुनै त्यस देश भित्र वसोवास गर्ने सवै जातजातिको जीवनस्तरमा सुधार आउनु हो । त्यस्तै नेपालको आर्थिक विकास भन्नुनै देश भित्र वासोवास गर्ने सवै जातीय समुहहरुको आर्थिक उन्नती हो । जवसम्म सवै जातीय समुहहरुको सुक्ष्म रुपमा सांस्कृतिक, सामाजिक, आर्थिक पक्षको अध्ययन अनुसन्धान र विश्लेषण गरिदैन तवसम्म देशको सामाजिक, आर्थिक स्थितिको सम्वन्धमा राम्रोसंग बुझ्न सकिदैन । देशको सामाजिक, आर्थिक क्षेत्रमा विकास गर्नको लागि सवै जातीय समुहहरुको सुक्ष्म अध्ययन हुन आवश्यक देखिन्छ । वर्तमान अवस्थामा  आधारित भएर विगत र उनीहरुको जीवन यापन संग सम्वन्धित विषयमा अध्ययन गरी तथ्याङ्कहरु संकलन गर्ने तथा सोही संकलित तथ्याङ्कहरुको आधारमा जनजातिय सांस्कृतिक, सामाजिक, आर्थिक  अवस्थावारे खोज गर्नु नै यस अध्ययनको औचित्य हुन सक्छ । नेपालका केही पेशेवर जातिहरु दमाई, कामी, सार्की, कुमाल, माझी, गाईने आदिले आफ्नो परम्परागत पेशामा क्रमशः परिवर्तन गर्न लागेको देखिन्छ । यसै क्रममा कुमाल

जातिले पनि आफ्नो पेशामा कुनै न कुनै रुपमा परिवर्तन गर्दै आएको र रहेका देखिन्छ । यसरी कुमाल जातिमा आउने सामाजिक साँस्कृतिक एवं आर्थिक परिवर्तन उल्लेख गर्नु अध्ययनको मुख्य औचित्य हो ।

देशको सामाजिक, आर्थिक विकास को लागि सवै जातीय समुदायहरुको आर्थिक, सामाजिक पक्षको अध्ययन हुनु त्यतिकै महत्वपूर्ण स्थान रहेको र अन्य जातिको सम्वन्धमा धेरै अध्ययन र अनुसन्धान भइसक्दापनि कुमाल जातिको अध्ययन हालसम्म पनि कमै भएको देखिएकोले समेत यस जातिको अध्ययनको आवश्यकता महसुस गरिएको हो ।

यस अध्ययनले कुमाल जातिको सामाजिक, साँस्कृतिक एवं आर्थिक, धार्मिक, शैक्षिक जस्ता विविध पक्षको सम्वन्धमा स्पष्ट र विश्वसनीय जानकारी दिलाउने छ भन्ने आशा गरिएको छ । साथै यस भन्दा पछाडि पनि खोटाङ्ग जिल्लाका कुमाल जातिको अध्ययनमा लाग्नेहरु सवैका लागि यो अध्ययन सहयोगी वन्न सक्नेछ ।

## १.५ अध्ययनको क्षेत्र र सीमा

यो अध्ययन खोटाङ्ग जिल्ला राजापानी गा.वि.स. वडा नं. ५ को साधने र हरबोटेमा गरिएको हो । कुमाल जातिहरु देशका अन्य स्थानहरुमा पनि वसोवास गर्ने र स्थान अनुसार उनीहरुको संस्कार, सामाजिक व्यवस्था र आर्थिक उपार्जनका क्षेत्रहरु फरक फरक रहन पनि सक्छन् । यस अध्ययन राजापानी, कुमाल गाउंका २५ घरधुरीमा गरिएको छ ।

यस अध्ययनका मुख्य सीमाहरु निम्नानुसार रहेका छन् ।

१. यो अध्ययन खोटाङ्ग जिल्ला, राजापानी गा.वि.स. वडा नं. ५ साधने र हरबोटेमा सीमित रहेको छ ।
२. यस अध्ययनमा राजापानी गा.वि.स. वडा नं. ५ का जम्मा २५ घरधुरी कुमालहरुको अध्ययन गरिएको छ ।
३. सूचनादाता २५ घरमुलीहरुलाई भेटी सूचना लिन समय छोटो रहेको ।

## १.६ अध्ययनको संगठन

खोटाङ्ग जिल्लाको राजापानी गा.वि.स.का कुमालहरुको बारेमा गरिएको यस अनुसन्धानलाई विभिन्न अध्याय शिर्षक र उपशिर्षकमा राखी प्रस्तुत गरिएको छ ।

पहिलो अध्यायमा अध्ययनको परिचयलाई राखिएको छ । जस अन्तर्गत क्रमशः अध्ययनको पृष्ठभूमी, अध्ययनको समस्या, अध्ययनको औचित्य र अध्ययनको क्षेत्र तथा सीमा लाई समावेश गरिएको छ । दोस्रो अध्यायमा सम्बन्धित साहित्यको अध्ययन लाई समावेश गरिएको छ । तेस्रो अध्यायमा अनुसन्धान विधिको वारेमा चर्चा गरिएको छ । चौथो अध्यायमा अध्ययन क्षेत्रको जानकारी, सामाजिक साँस्कृतिक जानकारी राखिएको छ । यस्तै पाँचौं अध्यायमा कुमाल जातिको उत्पत्ति, सामाजिक, साँस्कृतिक अवस्था, कुमाल समुदायको आर्थिक अवस्था समावेश गरिएको छ । छैटौं अध्यायमा अध्ययनको सारांश, निकर्ष तथा  सुझावहरु प्रस्तुत गरिएको छ । अन्ततः परिशिष्टाङ्कमा यस अध्ययनसंग सम्बन्धित सामाग्री, नक्सा, कुमाल भाषाको केही नमूना बाक्यहरु, अन्तरवार्ता अनुसूची, अन्तरवार्ता लिईएका कुमालहरुको नामावली, मुख्य सूचनादाताको नामावली तथा कुमाल जातिका विभिन्न क्रियाकलापहरु संग सम्बन्धित तस्बीरहरु प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# सन्दर्भ साहित्य समीक्षा

यस अध्ययनको लागि यससँग सम्बन्धित विभिन्न पूर्व अध्ययनहरुको उपयोग गरिएको छ । खास गरी यस अध्यायमा नेपालमा भएका जातिगत अध्ययनसंग सम्बधित साहित्यहरु र कुमाल जातिको अध्ययनसंग सम्बन्धित साहित्यहरुको  दुई भागमा विभाजन गरी अध्ययन गरिएको छ ।

## २.१ नेपालमा जातिगत अध्ययनसंग सम्बन्धित साहित्यहरु

नेपाली समाजशास्त्रीहरुमा डोर बहादुर विष्ट नेपालको जनजातिगत अध्ययनका पहिला विश्लेषक हुन् । उनले नेपालका विभिन्न जनजातिको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षको गहन विष्लेशण गरेका छन् । सन् १९७६ मा उनीद्धारा लिखित "People of Nepal" र २०३० मा लेखिएको “सवै जातको फूलवारी” नामक दुईवटा पुस्तकमा नेपालका विभिन्न जातजातिका बारेमा व्याख्या गरिएको छ ।

गोपालसिंह नेपाली (१९६५) ले लेखेको "The  Newars" नामक पुस्तकको राम्रो समाजशास्त्रीय महत्व रहेको छ । यो नेवार जातिको गहन अध्ययनमा उनी ग्रामीण र शहरी जीवनको दुरीमा केन्द्रितकृत  भएको देखिन्छ । उक्त पुस्तकमा नेवार जातिको वैवाहिक सँस्कार, धार्मिक विविधता, सामाजिक, साँस्कृतिक जीवन, गुँठी सँस्कार, जातजाति, भौतिकवादी साँस्कृतिक परम्परा, चाडपर्वहरु आदि विषयका सम्बन्धमा विस्तृत अध्ययन गरेका छन् ।

L.P Caplon (१९७०) ले मा पूर्वी नेपालको ईलाम जिल्ला अवस्थित इन्द्रेणी वस्तीमा बसोवास गर्ने उच्च हिन्दु ब्राम्हण जाति र परम्परागत लिम्बू जातिको वारेमा अध्ययन गरे । उनीहरुको समुदायमा भूमिको प्रयोग र अधिकारको सम्बन्धमा अध्ययन गरे ।

Ortner (१९७०) ले सोलुखुम्बु जिल्लाको खुम्बु क्षेत्रका सेर्पा समुदायको अध्ययन "Sherpas through their Ritual" मार्फत गरिन जसमा शेर्पाहरुको आर्थिक, सामाजिक एवं सँस्कारगत पक्षहरुको व्याख्या गरिएको छ ।  उनले शेर्पाहरुले मनाउने Nyungne नामक चार दिने धार्मिक चाडको प्रशङ्गलाई लिएर अध्ययन गरेकी थिईन । वर्षमा एक पटक मनाइने उक्त चाडको अवसरमा उपवास र पूजाआजा राम्रो सँग गरेमा पुनर्जन्म पनि राम्रैसंग  हुन्छ भन्ने परम्परालाई  यसमा उल्लेख गरिएको छ ।

Fisher (१९८५) ले Dolpa का तरंगपुरियनहरुको अध्ययन गरी  "Trans Himalayan Traders" नामक पुस्तक लेखे । जसमा तरङ्गपुर वासीहरुले तिब्वत, खसान एवं भारतीय क्षेत्रमा व्यापार विस्तार गर्दै जाँदा उनिहरुको आर्थिक, सामाजिक, साँस्कृतिक पक्षमा आएको परिवर्तलाई व्याख्या गरिएको छ । आधुनिकीकरणले उनीहरुलाई भौगोलिक, राजनैतिक तथा आर्थिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ भनी अध्ययन गरिएको छ । Pigned ले सन् १९७३ मा कास्की जिल्लाका गुरुङहरुको अध्ययन गरे । जसमा गुरुङहरुको उत्पत्ति, पेशा र आर्थिक व्यवस्थाका वारेमा विश्लेशण गरिएको छ ।

ऋषि केशवराज रेग्मी (१९८२) ले  "Dhimals" नामक पुस्तकमा झापा जिल्लाका धिमालहरुको आर्थिक, सामाजिक अवस्थाका विषयमा विश्लेशण गरेका छन् । त्यसैगरी द्धिवेदीले सन् १९८२ मा पनि कुमालको बारेमा छोटो परिचय दिएका छन् । उनले चितवन जिल्लामा गरेको स्थलगत अध्ययनमा कुमालहरुको थर, गोत्र तथा कुमाल जातिका मानिसहरुको बारेमा उल्लेख गरेका छन् । उनले आफ्नो लेखमा छोटकारीमा कुमाल सँस्कृतिलाई जोड दिएका छन् । उनी नेपालका विभिन्न जनजातिको जातिगत नक्सा निकाल्न सफल भएका छन् ।

यसरी विभिन्न मितिमा स्वदेशी तथा विदेशी विद्धान लेखकहरुले विविध जातजातिहरुको बारेमा अध्ययन गरेर विभिन्न पुस्तकहरु प्रकाशित गरेको. पाइन्छ । स्रोत र साधनको अभावमा पेशेवर जाति (कामी, दमाई, शार्की, पोडे, गाईने, कसाई माझी र अन्य) को जातीय पेशा हराउन थालेको अध्ययनले देखाएको छ ।

## २.२ कुमाल जातिको अध्ययनसंग सम्बन्धित साहित्यहरु

सँस्कृत भाषामा “कुम्भकार” भन्नाले माटोको भाँडा बनाउनु हुन्छ र जसले माटाका भाँडा बनाउछ त्यसलाई कुमाले भनेर चिनिने गरिन्छ । कुमाल जातिको उत्पत्ति सम्बन्धमा आधिकारीक लिखित प्रमाणहरु नभेटिए पनि एउटा रहस्यमय कथा गाँसिएको छ । कथाको उठान यसरी भएको पाइन्छ कि धेरै वर्ष अघि एउटा परिवारमा एक छोरा र एक छोरी थिए । तिनीहरुको उमेर छिप्पिदै गएपछि तिनीहरु बीचमा सहवास भयो जसलाई तत्कालिन समाजले स्वीकार गरेन र समाजबाट उनीहरुलाई बहिष्कार गरियो । तिनीहरुलाई माल (सामान) को रुपमा हेरियो । जुन काम नलाग्ने सावित भएकोले कुमाल भन्न थालियो । तिनै बाहुनका परिवारका सन्तानहरु पछि कुमालका जातिवाट चिनिए भन्ने भनाई पाईन्छ (स्थानिय वृद्ध रामकृयष्ण कुमालबाट प्राप्त जानकारी) । तिनीहरु समाजवाट बहिष्कृत भएका र गाउँवाट निकाला गरिएकोले आफ्नो परम्परागत पेशा गर्न अनुमति मिलेन र नदी किनारमा बसेर माटाका भाँडावर्तन बनाउने गरी आफ्नो जीवन गुजारा गर्न थाले । कुमालहरु काला वर्णका मध्यम कदका र झण्डै मंगोल विशेषता भएका हुन्छन् । यद्यपी तिनिहरुको उत्पत्ति, धर्म, संस्कृति आर्यन संप्रदायसंग मिल्दछ । तिनीहरु बलिया ईमान्दार तथा लप्पन-छप्पन नजान्ने खालका हुन्छन । महिलाहरु हसिला तथा अतिथिहरुको सत्कार गर्ने खालका हुन्छन् (शर्मा १९८६) । कुमालहरुको गोत्र कास्यप गोत्र भनेर उल्लेख गरीएको छ । कुमालहरु पूर्विया र पश्चिमा गरेर प्रमुख दुई सम्प्रदायका हुन्छन् जुन अन्य १२ उप-सम्प्रदायमा विभक्त गरिएका छन् (द्विवेदी, १९८२)।

बृहद नेपाली शब्द कोषमा कुमाल नाम कुम्भकार, माटाका भाँडा बनाउने एक जाति, कुमाल भनेर व्याख्या गरिएको छ । बहुसंख्यक पुस्तक, लेख रचनाहरमा कुमाल जातिको उत्पत्ति कहिले भएको र उनीहरुलाई कुमाल किन भनिएको हो भन्ने आधारहरु हेर्दा त्यो जातिले गरिवीको कारणले पहिले देखिनैं माटाका कमसल भाँडाहरु बनाउँदै आएको अर्थात कमसल खालका भाँडा बनाउने भएकोले कुमाल हुदै उनीहरुको थरनै कुमाल रहन गएको हो भन्ने भनाई रहदै आएको छ । कुमालहरु को हुन ? कहाँबाट कहिले यहाँ आएका हुन भन्ने सवालमा कुमालहरुको बारेमा लेखिएको तथ्यको खोजी

अन्तर्गत पाण्डे (२०५५) ले कुमालहरुको उत्पत्तिको बारेमा यसरी लेखेका छन्, मध्यकालिन नेपालमा मल्लहरु भारतको कुशीनगरबाट आएका थिए । आउँदा उनिहरुको त्यहीँ बसोबास गर्ने "कुम्हार" जातिलाई पनि सँगै लिएर आएका थिए । त्यस "कुम्हार" जातिहरुमा विभिन्न आकारका माटाका भाँडा र धातुका भाँडाकुँडाहरु (घैला, घ्याम्पा, सुराई, धुपौरा, गमला आदि) बनाउने क्षमता राख्थे । त्यसैले मल्लहरुको पनि ती जातिहरुलाई आफ्नो दैनिक जीवनमा प्रयोग हुने आवश्यक माल तथा कुमाल सामानहरु बनाउन लगाउने सोचका साथसँगै लिएर आएका थिए ।

यी कुम्हार जातिहरु जसले धातुका भाँडाकुँडाहरु बनाउथे तिनीहरुको राजकुलसँग प्रत्यक्ष  तथा अप्रत्यक्ष सम्बन्धको विकास भएको थियो । त्यसैले तिनीहरुलाई (पेशाको आधारबाट) भाँडा जाति भनिन थालिएको भाँडा जाति भन्दा भन्दै यो भाँडा शव्द अपभ्रंश हुँदै वाँणा जातिमा परिणत हुन पुग्यो । त्यसैले आजकल पनि त्यस धातुको भाँडा बनाउने जातिलाई वाँणा जाति भनिन्छ । जवकी कुम्हार जातिकै अर्को समूह जो माटाका भाँडाकुँडा तथा मानिसको दैनिक जीवनमा प्रयोगमा आउने सस्तो कुमाल सामानहरु निर्माण गरी आफ्नो जीवन निर्वाह गर्न लागि रहे । त्यस वेला धातु द्वारा निर्मित सामानहरुलाई तत्काल "माल" सामानको श्रेणीमा राखियो भने माटाका सामानहरुलाई कु-माल श्रेणीमा । यसरी कुमाल निर्माण गर्ने जातिलाई "कुमाल" जाति भनिन थालियो । विद्यमान अवस्थामासमेत यही चलन चली आएको छ । "कुम्हार" जाति भित्रको एउटा समूह प्रारम्भ देखि नै धनी थियो भने अर्को समूह गरिव । धनी भएकै कारण यिनीहरु धातुका भाँडाकुँडा वनाउन सक्ने भए । धातुका तुलनामा माटाको मूल्य शुन्य वरावर भएकाले गरिव कुम्हारहरुले  माटाका भाँडाकुँडा बनाई जीवीकोपार्जनको लागि सहायक बनाए ।  एउटै जात "कुम्हार" को धनी र गरिवको आधारमा वाँणा र "कुम्हाल" कहलाउन थाले (पाण्डे, २०५५) ।

नेपाली समाजशास्त्रीहरुमा डोर बहादुर विष्ट नेपालको जनजातिगत अध्ययनका पहिला विश्लेषक हुन् । उनले नेपालका विभिन्न जनजातिको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षको गहन विष्लेशण गरेका छन् । सन् १९७६ मा उनीद्धारा लिखित "People of Nepal" र वि.सं. २०३० मा लिखित “सवै जातको फूलवारी” नामक दुईवटा पुस्तकमा नेपालका विभिन्न जातजातिका बारेमा लेखेका छन् । यी दुवै पुस्तकहरुमा कुमाल जातिको उल्लेख गरीएको छ तर कुमाल जातिका वारेमा छुट्टै शिर्षक नदिएर उनले कुमाल जातिलाई दनुवार शिर्षक अन्तर्गत राखेका छन् । कुमालहरु दनुवारको नातेदार बंशको रुपमा दर्शाईएको छ । त्यस्तै कुमालहरुको माझी र दराई जातिहरुसंग पनि सँस्कृति र पेशा मिल्ले उल्लेख गरेका छन् । कुमालहरु नदी या खोलाको किनारमा वसी माटाको भाँडाकुँडा वनाउने जाति हुन भनी उल्लेख गरिएको छ । यसमा कुमाल जातिको वारेमा सामान्य जानकारी मात्र दर्शाईएको छ ।

नेपाल सरकार संचार मन्त्रालय सूचना विभागद्वारा वि.स. २०३१ मा प्रकाशित “मेचीदेखि महाकालीसम्म” नामक पुस्तकमा कुमाल जातिको परिचय दिँदै यिनीहरु तराई, भित्री तराई तथा नदीको किनारमा बस्ने र माटाका भाँडाकुँडा बनाउने जाति हुन भनी उल्लेख गरिएको छ । यिनीहरुले बनाएका भाँडाकुँडाहरु मेला, पर्व, हाटबजार र गाउँघरमा विक्री गर्दछन् तर यस अध्ययनले कुमाल जातिको साँस्कृतिक र आर्थिक पक्षका वारेमा प्रकाश पारेको छैन । यसले त केवल अधिराज्यको विभिन्न भू-भागमा वस्ने कुमाल जातिको वसोवासका वारेमा मात्र संक्षिप्त झलक उल्लेख गरेको छ (सूचना विभाग,२०३१) ।

हिरामणी शर्मा पौडेल (२०३४) द्वारा लिखित “कुमाल भाषाको अध्ययन” भन्ने पुस्तकमा लेखकले कुमालहरुको सामाजिक र साँस्कृतिक पक्षको बारेमा संक्षिप्त प्रकाश पारेका छन् । कुमाल भाषाको अध्ययनमा मुख्य रुपले केन्द्रित भएको यस पुस्तकमा कुमालहरुको सामाजिक र साँस्कृतिक जीवनको विविध पक्षको छोटो विवेचना गरिएको छ (शर्मा,२०३४) ।

पि.के. द्विवेदी (१९८२) ले लेखेको पुस्तक “नेपाली समाज” मा कुमालहरुको पहिलो पेशा भनेको खेती गर्नु हो त्यसपछि भाँडा वनाउने र त्यसपछि मात्र जीवन यापनका लागि माछा मार्ने, सिकर्मी, डकर्मीका कार्यहरु गर्ने गरेका हुन भनिएको छ । उनको स्थलगत अध्ययन चितवनमा भएको र त्यसमा उनले कुमालमा दुई उपजाति , थर र गोत्र को वर्णन गरेका छन् । साथै छोटकरीमा कुमाल सँस्कृतिलाई पनि जोड दिएका छन् (द्विवेदी, १९८२) ।

राजापानीका कुमालहरुले छोराछोरीहरुलाई सम्पत्तिको रुपमा लिने गरेको पाइन्छ । धेरै सन्तान भए भने यिनीहरुलाई खान, लगाउन दिन पर्छ, पढाउन सकिदैन भन्ने कुरा उनीहरुले त्यति सोचेको देखिदैन । परिवार बढेमा घरको खर्च बढ्छ । कुमाल जातिले परिवार नियोजन कार्यक्रमको कुनै पनि साधन प्रयोग गरेको पाइएन । सन्तान भनेको ईश्वरको वरदान हुन । परिवार नियोजन गऱ्यो भने कुल देवता रिसाउँछन् भन्ने गरेको समेत पाइन्छ । यसरी जनसंख्या शिक्षाको अभावमा राजापानीका कुमाल जातिको आर्थिक स्थिति दिन प्रतिदिन झनै नाजुक हुँदै गएको देखिन्छ । कुमालहरुको जीवन शैली सरल छ । एकछाक पेटभरी खान पाए भने बितेका दु:खका दिनहरु बिर्सिहाल्छन् । केही राम्रो आर्जन भएको समयमा पूँजी वचत गर्नु भन्दा जाँड, रक्सी खाएर पैसा सक्दछन् । उनीहरुको आफ्नो समुदायभित्र प्रतिस्पर्धाको अभावले गर्दा उनीहरु मध्ये कसैले पनि उन्नतशील जीवनशैली बनाउने जाँगर चलाएको पाइदैन । अधिकांश कुमालहरु हलो, कोदालो, नाम्लो,ज्याला, मजदुरी गरेर जीवन निर्वाह गर्दछन् तर उनीहरुले प्राप्त गर्ने आय मजदुरी न्यून छ । यसकारणले गर्दा कुमालहरुले आफ्नो आर्थिक उन्नतिलाई सुधार गर्न थप लगानी गर्न सक्ने क्षमता भएन । यसैकारण उनीहरुको आयआर्जन बढ्नुको सट्टा घट्न थाल्यो । परिवार बढ्दै गयो, महंगी बढ्दै गयो । आवश्यकता बढ्दै आयो, तर आय त्यस हदमा बढ्न सकेन । त्यसैले यिनीहरु आर्थिक रुपले पछाडि रही नै रहे (रिजाल, २०५५) ।

# अध्याय तीन

# अनुसन्धान पद्दति

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

कुमालहरुको बसोवास भएको नेपालका विभिन्न जिल्ला मध्ये खोटाङ्ग जिल्ला पनि एक हो । खोटाङ्ग जिल्लाको राजापानी गा.वि.स. वडा नं. ५ मा अध्ययन केन्द्रित रहेको छ जहाँ कुमाल जातिको वसोवास रहेको छ । यहांको कुमाल वस्तीमा ७३ प्रतिशत कुमालहरुको मात्र वस्ती रहेका र अन्य जातीको उपस्थिती अति कम भएको हुंदा सो वस्तीमा अध्ययन गर्दा उनीहरुको सामाजिक, साँस्कृतिक एवं आर्थिक पक्षको अध्ययन गर्दा तथ्यहरु वढी उपयोगी हुन सक्ने हुंदा अध्ययनको लागि राजापानीलाई नै छनौट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनको लागि राजापानीका कुमालहरुको सामाजिक, सा.स्कृतिक तथा आर्थिक पक्षसंग सम्वन्धित सूचनाहरु खोजी गर्न **अन्वेषणात्मक** र प्रस्तुत गर्न **विवरणात्मक** अनुसन्धान ढाँचालाई अवलम्वन गरिएको छ ।

## ३.३ समग्र र नमुना छनौट

वि.स.२०६५ साल कार्तिक वाट शुरु गरिएको स्थलगत अध्ययन अनुसार राजापानीका कुमाल जातिको घर परिवार संख्या ७३ र यिनीहरुको कुल जनसंख्या ५७८ छ । अध्ययनको उद्देश्य पूरा हुनेगरी आवश्यक तथ्याङ्क संकलन गर्ने क्रममा  राजापानीका गा.वि.स. वडा नं. ५ साधने र हरबोटेका २५ घरधुरी अध्ययनमा समेटिएका छन् । घरधुरीहरु छान्दा पहिले गाउँको बीचको एक घर छानियो, त्यसपछि त्यसको नजिकको घर छाडी अली परको दोस्रो घर छानियो त्यसपछि त्यसैगरी अर्को घर छाडी चोथो घर छानियो यही क्रमले जम्मा २५ घर छानियो ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

राजापानी कुमाल गाउंका कुमालहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्ष साथै शैक्षिक पक्षको तथ्याङ्कहरुको प्रकृतिलाई गुणात्मक र संख्यात्मक गरी विभाजित गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस अध्ययनमा उपयोग गरिएका आवश्यक तथ्याङ्क, सूचना, जानकारी  निम्न विधिवाट प्राप्त गरिएको छ ।

### ३.५.१ प्राथमिक तथ्याङ्क

प्राथमिक तथ्याङ्कको रुपमा घरमुलीहरुसंगको अन्तरवार्ता, मुख्य सूचनादातासंगको अन्तरवार्ता र  असहभागी अवलोकन विधिलाई अपनाइएको छ ।

#### ३.५.१.१ अन्तरवार्ता अनुसूची

कुमाल जातिको सामाजिक साँस्कृतिक एवं आर्थिक पक्षसंग संम्बन्धित तथ्याङ्कहरु संकलन गर्न अन्तरवार्ता अनुसूचीको माध्यम अपनाइएको छ । माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्न आवश्यक अन्तरवार्ता अनुसूची तयार पारी राजापानी गा.वि.स. का ३५ प्रतिशत कुमालहरुको अध्ययन गर्न राजापानी गा.वि.स. वडा नं. ५ साधने र हरबोटेका २५ कुमाल परिवारका घरमूलीसंग अन्तरवार्ताका माध्यम वाट तथ्याङ्क संकलन गरिएको छ ।

#### ३.५.१.२ मुख्य सूचनादाता सँगको अन्तरवार्ता

कुनैपनि समाज वा व्यक्तिको धारणा, चाहना र भविष्यप्रतिको दृष्टिकोण थाहा पाउनका लागि त्यस समाजका मूल ब्यक्तिहरुसंग अन्तरर्वाता लिनु तथ्य संकलनको महत्वपूर्ण प्रविधि हुनाले यस अध्ययनमा पनि यसको प्रयोग गरिएको छ । कुमाल जातिको

सम्बन्धमा माथि उल्लेखित उद्देश्यहरु प्राप्त हुनेगरी आवश्यक प्रश्नहरुको सूची वनाइ त्यसैका आधारमा यस क्षेत्रका कुमाल जातिको सामाजिक, साँस्कृतिक एवं आर्थिक अवस्थाका बारेमा जानकारी भएका रामकृष्ण कुमाल, कमला कुमाल, विकास कोईराला,वैकुण्ठ लम्साल, नवराज कुमाल र गिता कुमाल जसता बुढापाका तथा जानिफकारहरुसंग मौखिक माध्यमवाट कुमाल जाति र तिनिहरुको सामाजिक, साँस्कृतिक एवं आर्थिक जीवन पद्धती बारे विभिन्न अनुभूति तथा दृष्टिकोण बटुली अध्ययनलाई यथार्थ वनाउने प्रयास गरिएको छ ।

### ३.५.१.३ असहभागी अवलोकन

राजापानीका कुमाल जातिको रहन सहन भेष-भुषा परिवार भित्रका सदस्यहरुवीच हुने व्यवहार, कुमाल जाति भित्र र अन्य जाति वीच हुने व्यवहार लगायत कुमाल समुदायको समाजिक, साँस्कृतिक तथा आर्थिक पक्षमा आवश्यक तथ्याङ्क एवं जानकारी लिनका लागि असहभागि अवलोकन को विधि अपनाइएको छ ।

### ३.५.२ द्धितीय तथ्याङ्क

यस विधीवाट अभिलेख लिने क्रममा सम्बन्धित गाउँ विकास समितिमा रहेका अभिलेखहरु, गाउँ विकास समिति द्धारा संकलित तथ्याङ्कहरु, केन्द्रिय तथ्याङ्क विभागद्धारा संकलित तथ्याङ्कहरु साथै कुमाल जातिको सम्बन्धमा प्रकाशित पुस्तकहरुको अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेशण तथा प्रस्तुतिकरण

अध्ययन अनुसन्धानको सफलता संकलन गरिएका तथ्याङ्कहरुको प्रभावकारी विश्लेषण तथा प्रस्तुतिकरणमा भर पर्दछ । तसर्थ कुमाल जातिको सामाजिक, साँस्कृतिक एवं आर्थिक पक्षहरुको अध्ययनका लागि संकलित तथ्याङ्कलाई वर्गिकरण गरी तालिकावद्ध गरिएको छ । प्राप्त भएका तथ्याङ्कहरुलाई नंम्बर तथा प्रतिशतमा लगिएको छ साथै संख्यात्मक र गुणात्मक विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ भौगोलिक परिचय

### ४.१.१ अवस्थिति

राजापानी गा.वि.स. खोटाङ्ग जिल्लाको विकट गा.वि.स. मध्य एक हो । खोटाङ्ग सदरमुकाम रहेको अध्ययन स्थल राजापानी गा.वि.स. वडा नं. ५ मा पर्दछ । यस गा.वि.स. को उत्तरमा विजयखर्क गा.वि.स., दक्षिणमा बतासे, पूर्वमा छोरम्बु, पश्चिममा हलेसी गा.वि.स. पर्दछ । विश्व मानचित्रमा यो गा.वि.स. २७ डिग्री ५४ मिनेट ५५ सेकेन्ड उत्तर देखि २७ डिग्री ५७ मिनेट १२ सेकेन्ड उत्तरी अक्षांश र ८४ डिग्री ५१ मिनेट ५३ सेकेन्ड पूर्व देखि ८४ डिग्री ५७ मिनेट ७ सकेन्ड पूर्वी देशान्तर सम्म फैलिएर रहेको छ । समुद्र सतहबाट ६४० देखि ४३५२ मिटर सम्मको उचाईमा रहेको यो गा.वि.स.पूर्व-पश्चिम चौडा र उत्तर दक्षिण लाम्चो आकारमा फैलिएको छ ।

### ४.१.२ हावापानी

भौगोलक हिसावले नेपाल सानो देश भएतापनि यहाँको भौगोलिक विविधताका कारणले गर्दा फरक फरक किसिमको हावापानी पाइन्छ । खोटाङ्ग जिल्ला उत्तरी भेगमा अवस्थित भएकाले यहाँको हावापानी ठण्डा प्रकारको पाइन्छ । यहाँ ठण्डा समशीतोष्ण तथा लेकाली हावापानी समेत पाइन्छ । तापक्रमका हिसावले यहाँको हावापानीमा अधिकतम तापक्रम बैशाख, जेठ महिनाको रेकर्ड अनुसार २४ डिग्री सेन्टीग्रेड र न्यूनतम तापक्रम माघ, फागुन महिनामा ४ डिग्री सेन्टीग्रेड सम्म भएको पाइएको छ । यहाँ उत्तर पूर्वी मनसुनी हावाले पानी पार्दछ । अध्ययन क्षेत्र राजापानी गा.वि.स.मा विहान चाडै सूर्य उदाउने र छिट्टे अस्ताउनाले यहाँको हावापानी चिसो किसिमको रहेको छ ।

### ४.१.३ प्राकृतिक स्रोत

सामान्यतयाः जमिन, वन, नदीनाला नै नेपालका मुख्य प्राकृतिक स्रोतहरु हुन् । परम्परागत रुपबाट गरी आएका व्यवसायहरुमा राजापानीगाउँका अधिकांश मानिसहरु वन तथा जमिनमा निर्भर रहेका छन् । तर वर्तमान अवस्थासम्ममा जनसंख्याको वृद्धि तथा वन माथिको अतिक्रमणले यी स्रोतहरुको प्रयोगमा कमि आएको छ । अध्ययन गरिएको गा.वि.स.को प्राकृतिक श्रोत पनि जमिनमा परंपरागत रुपमा नै सिंचाईको प्रयोग भएको पाईन्छ । खेती योग्य जमिनमा परंपरागत खेतीपाती नै प्रचलनमा आईरहेको पाईन्छ ।

### क. जमिन

जमिन अध्ययन क्षेत्रमा प्रयोग गरिएको एक प्राकृतिक स्रोत हो । हुन त कुनै पनि प्राकृतिक स्रोत जमिन भन्दा भिन्न अस्तित्वमा रहन सक्दैनन् । त्यसैले जमिन, अध्ययन क्षेत्रमा आधारभूत प्राकृतिक स्रोतका रुपमा प्रयोग भएको छ । राजापानीको माटो बलौटे पत्थरीलो प्रकारको छ । जसमा मकै, गहुँ, कोदो आदिको राम्रो उत्पादन हुन्छ भने धानको पनि राम्रै खेती हुने गरेको छ । यहाँका ९०% भन्दा बढी मानिस कृषि पेशामा लागेका छन् । जुन यहाँका वासिन्दाहरुको गुजारा चलाउने मुख्य माध्यम रहेको छ ।

### ख. वन

यो क्षेत्रको अर्को प्राकृतिक स्रोतको रुपमा वन रहेको छ । जुन इन्धनको मुख्य स्रोतको रुपमा प्रयोग भई आएको छ । घर बनाउन तथा अन्य काठ निर्मित सामग्री बनाउन पनि वनको प्रयोग भइरहेको छ । यस क्षेत्रका वासिन्दाको अधिकांश दाउरा वनबाट उपलब्ध हुने गरेको पाइयो भने पशुहरुका लागि घाँस तथा चरनका रुपमा वनको प्रयोग भइरहेको छ । यहाँका वनहरु पनि सामुदायिक वनको रुपमा रहेका छन् भने उपभोक्ता समितिले वन पैदावरको नियमित हेरचाह तथा प्रयोगका लागि नियम तथा विधान बनाएका छन् । जस अनुसार नै काठ दाउरा तथा घाँसको प्रयोग भई आए पनि हाल नियम तथा विधानको उलङ्घन हुन थालेको त्यहाँका वासिन्दा बताउँछन् ।

## ग. पानी

पानी सबै जीवित प्राणी, वनस्पतिका लागि आवश्यक पदार्थ हो । जुन प्रकृतिको महत्वपूर्ण स्रोत हो । राजापानी गा.वि.स.मा आकासे तथा सतही दुवै स्रोतबाट प्राप्त पानीको प्रयोग हुन्छ । कृषि उत्पादनमा पानीको अहम भूमिका रहेको हुन्छ । वर्षा याममा परेको पानीले खोलाहरुमा प्रशस्तै पानी हुन्छ भने हिउँद महिनामा पानी केही मात्रामा घट्दछ । यी खोलाहरुबाट सिंचाइका खोलाको तल्लो भाग वेशीमा सिंचाई भएको छ । जसबाट गाउँलेहरुले आंशिक रुपमा सिंचाईको सुविधा पाएका छन् ।

खानेपानी व्यवस्था अन्तर्गत जि.वि.स.को सहयोगमा खाने पानी ट्याङ्की र धाराहरु बनाई त्यसको प्रयोग भएको छ भने कतिपयले पुरानै कुवाको पानी प्रयोग गरेका छन् । यहाँका कुमालहरुको व्यवसाय माछामार्ने पनि भएकाले उनीहरु नदीसम्म गएर माछा मार्ने गर्दछन् ।

## ४.२ सामाजिक,साँस्कृतिक एवं आर्थिक पक्ष

### ४.२.१ जनसंख्याको बनोट

कुनै पनि समाजको जातिगत जनसंख्याको संरचनाले त्यस क्षेत्रको सामाजिक क्रियाकलाप र नेतृत्वलाई पनि प्रभाव पार्दछ । प्रायः अल्प संख्यामा रहेको जाति बहुसंख्यामा रहेको जातिभन्दा केही पछाडि परेको हुन्छ । साथै जनसंख्याको स्वरुप, आकार, वितरण र जनसंख्या सम्बन्धि अन्य प्रकृयाले त्यस समुदायको स्वरुप, आकार, सामाजिक परिवर्तन र सामाजिक सम्बन्ध आदिमा पनि प्रत्यक्ष र अप्रत्यक्ष रुपले प्रभाव पारेको हुन्छ । त्यसैले जनसंख्याको अध्ययन गर्नु जरुरी हुन्छ । जिल्लाको कुल जनसंख्यालाई जातीय समूहको कुल जनसंख्यामा विभाजन गरी हेर्दा कुमाल जातिले एघारौं स्थान ओगटेको छ । २०५८ सालको राष्ट्रिय जनगणना अनुसार खोटाङ्ग जिल्लाको कुल जनसंख्या ३,३८,६५८ छ । यसमा पुरुषको संख्या १६५,८६४ र महिलाको संख्या १,७२,७९४ रहेको र ६२,७५९ घरपरिवार यस जिल्लामा बसोबास गरेको पाइन्छ । जस

अनुरुप जिल्लामा कुमालहरुको  जनसंख्या ४१२२ रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०५८) ।

### ४.२.१.१ राजापानी गा.वि.स. को जनसंख्या बनोट

२०५८ सालमा लिएको जनगणना अनुसार राजापानी गा.वि.स. मा विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दछन् । जनसंख्याको आधारमा त्यस गा.वि.स. मा कुमाल जाति पांचौ स्थानमा आउँछन् (केन्द्रीय तथ्याङ्क विभाग २०५८) । कुमाल जातिको जनसंख्या ७४२ (९.९४%) छ । राजापानीगा.वि.स. को जनसंख्याको लिङ्गगत बनोटलाई तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

*तालिका नं. १, जातिगत समूह र लिङ्ग अनुसार राजापानी गा.वि.स. को जनसंख्या बनोट*

| जातिगत समूह | लिङ्ग अनुसार जनसंख्या बनोट | | | | | |
|---|---|---|---|---|---|---|
| | महिला | | पुरुष | | जम्मा | |
| | जनसंख्या | % | जनसंख्या | % | जनसंख्या | % |
| गुरुङ | २९७ | ५१.०३ | २८५ | ४८.९७ | ५८२ | ७.८० |
| ब्राम्हण | ७७१ | ५०.३३ | ७६१ | ४९.६७ | १५३२ | २०.५३ |
| क्षेत्री | ५१३ | ५०.४९ | ५०३ | ४९.५१ | १०१६ | १३.६१ |
| नेवार | १०२३ | ५१.४३ | ९६६ | ४८.५७ | १९८९ | २६.६५ |
| मगर | १४१ | ५२.०३ | १३० | ४७.९७ | २७१ | ३.६३ |
| कुमाल | ३८१ | ५.३५ | ३६१ | ४८.६५ | ७४२ | ९.९४ |
| दमाई | १४१ | ५१.६५ | १३२ | ४८.३५ | २७३ | ३.६६ |
| शार्की | १२३ | ५२.३४ | ११२ | ४७.६६ | २३५ | ३.१५ |
| कामी | ३६२ | ५०.४९ | ३५५ | ४९.५१ | ७१७ | ९.६१ |
| तामाङ | २६ | ५७.७८ | १९ | ४२.२२ | ४५ | ०.६० |
| नखुलेको | ३ | ५०.०० | ३ | ५०.०० | ६ | ०.०८ |
| सोनार | ११ | ५७.८९ | ८ | ४२.११ | १९ | ०.२५ |
| घर्ती/भूजेल | ९ | ६४.२९ | ५ | ३५.७१ | १४ | ०.१९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तेली | ४ | ६६.६७ | २ | ३३.३३ | ६ | ०.०८ |
| ठकुरी | ३ | ६०.०० | २ | ४०.०० | ५ | ०.०७ |
| अन्य | ७ | ६३.६४ | ४ | ३६.३६ | ११ | ०.१५ |
| जम्मा | ३८१५ | ५१.१२ | ३६४८ | ४८.८८ | ७४६३ | १०० |

श्रोत : के.त.बि. २०५८ ।

केन्द्रीय तथ्याङ्क विभाग (२०५८) अनुसार राजापानी गा.वि.स.मा कुमालहरुको कुल घरधुरी १०६ र कुल जनसंख्या ७४२ रहेकामा अध्ययन गरिएको गाउं (स्थलगत अध्ययन २०६५) राजापानीका २५ घरधुरीहरुमा बसोवास गर्ने कुमाल जातिमा गरिएको थियो । राजापानी, साधने र हरबोटे गाउंमा कुमाल जातीको कुल जनसंख्या १४४ छ । पुरुषको संख्या ७० र महिलाको संख्या ७४ रहेको छ । राष्ट्रिय जनगणना २०५८ अनुसार राजापानी गा.वि.स.को वडागत जनसंख्या विवरण निम्नानुसार रहेको छ ।

*तालिका नं.२ वडागत आधारमा राजापानीगा.वि.स.को घरधुरी तथा जनसंख्या विवरण*

| वडा नं. | घर संख्या | जनसंख्या | पूरुष | महिला |
|---|---|---|---|---|
| १ | १४८ | ८३२ | ३९३ | ४३९ |
| २ | २६२ | १४९१ | ७६४ | ७२७ |
| ३ | १७० | ९५४ | ४७२ | ४८२ |
| ४ | १३६ | ७०६ | ३२६ | ३८० |
| ५ | १४७ | ७३२ | ३५४ | ३७८ |
| ६ | १२६ | ५६८ | २६६ | ३०२ |
| ७ | १५२ | ९०८ | ४५० | ४५८ |
| ८ | १०३ | ५८० | २९७ | २८३ |
| ९ | ११४ | ६९२ | ३२६ | ३६६ |
| जम्मा | १३५८ | ७४६३ | ३६४८ | ३८१५ |

श्रोत : के.त.बि. २०५८ ।

### ४.२.२ कुमाल बस्तीको जनसंख्या बनोट

राजापानीमा कुमाल समुदायको साथै अन्य जातिहरुको वासेवास अत्यन्तै कम छ । यसरी यहाँ फरक जातिको बसोबास भएता पनि जातीय रुपमा छुट्टाछुट्टै घर समूह बनाई बसोबास गरेको पाइदैन । यस गाउँमा बसोबास गर्ने कुमाल तथा दमाई जातिको मिश्रित किसिमको बसोबास रहेको छ । यद्यपी कुमाल गाउंको अलि फरक दूरीमा अन्य नेवार, वाहुन, क्षेत्रीको पनि वसोवास रहेको पाईन्छ । कुमालहरु यहाँका पुराना जातिका रुपमा चिनिन्छन् भने अरु जातिहरु पछि अन्यत्रबाट आई बसोबास गरेको यहाँका बूढापाकाहरु बताउँछन् । यसरी मिश्रित बसोबासको प्रभाव तिनीहरुको सामाजिक, साँस्कृतिक रितिरिवाजमा पनि परेको देखिन्छ ।

*तालिका नं. ३ कुमाल बस्तीको घरधुरी र जनसंख्या विवरण*

| क्र.स. | जाति | परिवार संख्या | जनसंख्या | जनसंख्या प्रतिशत |
|---|---|---|---|---|
| १ | कुमाल | २५ | १४४ | ९३.५१ |
| २ | दमाई | ३ | १० | ६.४९ |
| | जम्मा | २८ | १५४ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

### ४.२.३ शिक्षा

खोटाङ्ग सदरमुकाम दिक्तेलदेखि टाढा रहेको भएपनि राजापानी गा.वि.स. मा शिक्षाको क्षेत्रमा भने आवश्यक पूर्वाधार तयार भएको छ भन्न सकिन्छ । यस गा.वि.स.मा रहेको शैक्षिक संस्थाको विवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

*तालिका नं. ४ : राजापानी गा.वि.स. भित्र रहेका विद्यालयको विवरण*

| तह | संख्या |
|---|---|
| प्रा.वि. | ६ |
| नि.मा.वि. | २ |
| मा.वि. | १ |
| वाल विकास केन्द्र | ४ |
| जम्मा संख्या | १३ |

स्रोतः राजापानी गा.वि.स. २०६७।

यस गा.वि.स. क्षेत्रभित्र रहेका विद्यालय हेर्दा प्रा.वि. तहमा जम्मा ६ वटा, नि.मा.वि. तहमा २ वटा , मा.वि. तहमा १ वटा र वालविकास केन्द्रहरु ४ वटा गरी कुल १३ वटा विद्यालयहरु रहेका छन् । यस अघि सो गा.वि.स.मा एक वोर्डिंङ स्थापना भएता पनि द्वन्द्धको समयदेखि सो विद्यालय पनि सदरमुकाममा विस्थापन भैसकेको छ। क्याम्पस तहको अध्ययनको लागि सदरमुकाम दिक्तेलमा आई अध्ययन गर्न पाउने व्यवस्था भएता पनि सो गाउंका कुमालहरु मध्ये १ जनाले मात्र क्याम्पस तहमा अध्ययन गर्दै छन्

**४.२.४ स्वास्थ्यः**

राजापानी खोटाङ्ग सदरमुकाम दिक्तेल नजिकै भए तापनि यहाँको स्वास्थ्य स्थिति त्यति राम्रो देखिदैन । अध्ययन स्थलको स्वास्थ्य सेवा तथा सुविधाको हकमा आधाघण्टा टाढा उपस्वास्थ्य चौकी राजापानी रहेको छ । उक्त स्थलमा पुरानै रुढिवादी परम्परा विद्यमान छ । जसको फलस्वरुप मानिसहरु विरामी पर्दा पहिला धामी झाक्रीकहाँ गइ उपचार गराउने गर्दछन् । विरामीको स्वास्थ्य अवस्था जटिल भएपटि मात्र स्वास्थ्य चौकी वा अस्पताल लाने गरेको पाइन्छ। जुन अस्तपाल अध्ययन स्थलबाट करिव ४ घण्टा टाढा जिल्ला सदरमुकाम दिक्तेलमा पर्दछ।

### ४.२.५ धर्म र भाषा

नेपालका अन्य ठाउँहरुमा जस्तै कुमाल गाउँमा पनि विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दछन् । यहाँका कुमाल जातिहरुले हिन्दु धर्म मान्दछन् । यहाँका क्षेत्री, बाहुन, दमाई  नेवारहरु बौद्ध धर्म तथा क्रिश्चियन धर्म मान्ने गरेको पनि पाइयो । तर समग्रमा भने हिन्दु धर्म मान्नेहरुको बाहुल्यता रहेको छ ।

यहाँ सामान्यतया: एक अर्का जातिसँग बोल्ने भाषाको रुपमा नेपाली भाषालाई प्रयोग गरिन्छ भने कुमालहरु आफ्नो घरमा कुमाल भाषा नै बोल्दछन् । नेवार जातिको आफ्नो मातृभाषा भए पनि नेपाली भाषाको प्रभावले घर तथा घर बाहिर पनि नेवारी भाषाको प्रयोग गर्दैनन् । क्षेत्री, बाहुन तथा दमाइले भने नेपाली भाषालाई नै प्रयोग गर्दछन्        (स्थलगत सर्भेक्षण, २०६५) ।

### ४.२.६ जलविद्युत

कुनै पनि देशको आर्थिक विकासको निर्धारण त्यहाँ उपलब्ध प्राकृतिक  स्रोतको समुचित  प्रयोगको आधारमा  हुने गर्दछ । हाम्रो देश जलस्रोतको क्षेत्रमा विश्वको नै दोस्रो धनी देश मानिन्छ । हामीले उपलब्ध जलस्रोतलाई समुचित प्रयोग गर्न सकेमा निश्चय नै हाम्रो देशको आर्थिकस्तर उकास्न सक्षम हुने देखिन्छ । खोटाङ्ग जिल्लाको सन्दर्भलाई हेर्दा यहाँको मानिसहरुको आर्थिक स्तर उकास्न र रोजगारीको अवस्था सिर्जना गर्न उपलब्ध  जलस्रोतको समुचित रुपमा प्रयोग गर्न सकेको खण्डमा विकाशको क्रमलाई गति दिन सकिन्थ्यो ।

यस जिल्लामा ठूलो मात्रामा जलविद्युत योजनाहरु संचालन भएका छैनन् । विभिन्न गा.वि.स.हरुमा सानो तिनो रुपमा लघु जलविद्युत उत्पादन भई त्यसको स्थानीय स्तरमा प्रयोग हुदै आईरहेको छ । अध्ययन क्षेत्र राजापानी गा.वि.स.मा विद्युत प्राधिकरणको राष्ट्रिय लाईनवाट वडा नं. १ ,२ ,३ मा मात्र विजुली वत्ति वलेको छ भने अन्य वडाहरुमा पनि क्रमशः ग्रामीण विद्युतिकरणको कार्यक्रम संचालनमा आएको देखिन्छ ।

### ४.२.७ खानेपानी, स्वास्थ्य चौकी

राजापानी गा.वि.स.अन्तर्गत खोटाङ्ग सदरमुकाम दिक्तेलबाट २७ कि.मि. टाढाको दुरिमा रहेको छ । यहाँबाट सदरमुकाम पुग्न करिव चार घण्टा लाग्ने र उच्च स्थानमा भएकाले खानेपानीको राम्रो प्रवन्ध छैन । हाल विद्युतको उपयोग गरी लिफ्ट प्रविधिवाट खानेपानीको आपुर्ति व्यवस्था हुन गैरहेको जानकारी सोही गाउंका स्थानीय पसले सिम्चे कुमाल वताउंछन् । हालसम्म परम्परागत खा.पा.को श्रोत अर्थात ढुङ्गेधारा बाट नै खा.पा.को आपुर्ति भैरहेको छ । यसका अतिरिक्त लैकु खोलाको पानी गा.वि.स. को बजेटबाट पनि पानी ल्याई आपूर्तिको व्यवस्था मिलाइएको छ । यद्यपि स्थानीय मूल, धारा र कुवाबाट प्राप्त हुने पानी नै पिउनेपानीको मुख्य स्रोतको रुपमा रहेको छ ।

सदरमुकाम टाढा भएको भए पनि जिल्ला अस्पतालमा स्वास्थ्य सेवा उपलब्ध छ । यद्यपी चेतना अभावको कारण धामी, झाँक्रीमा बढी निर्भर भई स्वास्थ्य संस्थाहरुमा आउने गरेको पाईदैन । यहाँका मानिसहरुले प्राथमिक उपचारको रुपमा सर्वप्रथम धामी झाँक्रीहरुकहाँ देखाउने र झाँक्रीबाट उपचार सम्भव नभएको खण्डमा अर्थात अन्तिम अवस्थामा मात्र स्वास्थ्य संस्थाहरुमा जाने गरेको पाइन्छ । तसर्थ यदि कुनै व्यक्ति विरामी परेको खण्डमा धामी झाँक्री नै प्रमुख डाक्डरको रुपमा उपस्थित भई उपचार गर्ने परम्परा यहाँ रहेको छ ।

### ४.२.८ पेशा

कुनै ठाउँका मानिसहरुले अंगालेको पेशाले त्यस ठाउँका मानिसहरुको सामाजिक, आर्थिक अवस्थामा प्रत्यक्ष रुपमा असर पार्दछ । मानिसले अपनाएको पेशा तथा व्यवसायले उसको जीवन पद्धतीलाई निर्देशित गरिरहेको हुन्छ । जसबाट मानिसको खानपान, लवाई, शिक्षा, स्वास्थ्य, सरसफाई एवं अन्य आवश्यकतामा फरक पार्दछ । यहाँका बासिन्दाहरुको मुख्य पेशा खेतीपाती हो । धान, मकै, कोदो, जुनयालो, तोरी, आलस, आदि बालीहरु यहाँ लगाइन्छ ।

खेतीपातीको साथमा यहाँका बासिन्दाहरुले पशुपालनलाई पनि अंगालेको पाइन्छ । यहाँ पालिने पशुहरु उन्नत जात वा किसिमका नभई परम्परागत रुपमा आफ्नो

बाबुबाजेदेखि पाली आएकै पुरानो जातको नै पाइन्छ । पालिने पशुहरुमा मुख्य रुपमा गाई, भैसी, बाखा, गोरु आदि पाल्ने गरेको पाइन्छ भने कुखुरा जम्ता पशुपंक्षी कुमाल जातिल पाल्ने गरेको छन् । भन्नुको अर्थ बाहुन, क्षेत्रीको घरमा कुखुरा, हाँस आदि पालिदैन ।

यहाँका बासिन्दाहरुको मुख्य पेशा कृषि तथा पशुपालन भएपनि यसवाट सवैलाई वर्षभरी खान पुग्ने हुन्छ । उक्त खेतीपाती साथै पशुपालन चाँहि त्यस ठाउँको कुमाल जातिको मुख्य व्यवहास हो । अर्को माटाका भाँडा बनाई हाट बजारमा लाने चलन पहिला-पहिला रहेको थियो भने हाल त्यो काम न्यून मात्रामा तथा लोप हुन लागेको छ । बरु गाउँका युवा विदेशी भुमीमा गई रुपैया कमाएर ल्याउने अर्थात लाहुरे बन्न जाने प्रचलन बढेको पाइन्छ ।

यहाँका कुमालहरु आफ्नो आम्दानीलाई राम्रोसँग खेतीपाती र पशुपालनमा लगानी गर्दछन् । खेतवारीबाट भएको कमाई आफुले नै नसकेर अरु नजिकैको हाट बजारका लागि रुपैँयासँग साटने गर्दछन् । केही शिक्षक पनि छन् र केही युवाहरु विदेशीएका छन् तर जे भए पनि खेतीपाती र पशुपालनमा अधिक कुमालहरु संलग्न रहेको पाइन्छ ।

# अध्याय पाँच

# तथ्यांकको प्रस्तुती तथा विश्लेषण

## ५.१. कुमाल जातिको सामाजिक अवस्था

### ५.१.१ कुमाल जातिको उत्पत्ति

कुमाल समुदायको उत्पत्ति कसरी भयो भन्ने बारेमा एकिन गर्ने आधारहरु फेला पार्न सकिएको छैन । अहिले सम्म कुमालहरुको बारेमा जे जति लेखहरु, भनाइहरु प्राप्त भएका छन् तिनीहरु बीचको भनाइहरुमा एकरुपता पनि  पाईएको छैन ।

यसको साथै स्थलगत अध्ययनमा यहाँका कुमालहरुसंग कुमाल जातिको नामाकरण "कुमाल" कसरी रहन गएको हो भनी विभिन्न उत्तरदाताहरुसंग प्रश्न गर्दा धेरैजसोले आफूहरुलाई थाहा नभएको वताए भने दिक्पाल कुमाल र सानी कुमालले माटोको भाँडा (कुमाल) वनाउने काम गरेकै कारण हाम्रो जातिको नामाकरण कुमाल भएको हुन सक्नेमा सहमति जनाए । यहाँका कुमालहरु कहिलेदेखि बसोबास गर्दै आईरहेका हुन  भन्ने सन्दर्भमा उनीहरुलाई थाहा नभएको र यस क्षेत्रका उनीहरु आदिवासीको रुपमा रहेको वताए ।

कुमाल जातिको उत्पत्तिको खोज गर्ने सन्दर्भमा यी माथिका विभिन्न तर्क तथा आधारहरुलाई हेर्दा "कुमाल" हरु परापूर्वकाल देखिनै सस्तो माटाका भाँडाकुँडाहरु बनाउँदै निम्न आर्थिक जीवनस्तर व्यतित गर्दै आईरहेको एउटा पिछडिएको जातिको रुपमा पाईयो । अध्ययन क्षेत्रका कुमालहरुको उद्‌गमस्थल र त्यहाँ उनीहरको बसोबास र इतिहासको बारेमा बुढापाका कुमालहरु र स्थानीय व्यक्तिहरुको भनाई अनुसार उनीहरु कहाँबाट आएका हुन भन्ने एकिन नभए तापनि उनीहरको पूर्खा उत्तरी भेगबाट यहाँ आई बसोबास गरेका हुन सक्ने अनुमान छ । दुई तीन सय बर्ष अघि देखि नै उनीहरु यहाँ बसोबास गर्दै आएको र यहाँको आदीवासीको रुपमा वसी आएको  कुरा अध्ययन वाट प्राप्त भएको छ ।

## ५.१.२ लिङ्गगत आधारमा कुमाल जातिको जनसंख्या बनोट

जनसंख्याको बनोट लिङ्ग अनुसारको संरचनाको त्यस समाजको पुरुष, महिला अनुपातलाई दर्शाउँछ । लिङ्ग अनुपातको सन्तुलन र असन्तुलनले जनसंख्या घटबढका प्रक्रियाहरुमा प्रत्यक्ष प्रभाव पार्दछ । त्यसैले कुमालहरुको जनसंख्याको लिङ्गगत बनोटलाई तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

*तालिका नं. ५ लिङ्गगत आधारमा कुमाल जातिको जनसंख्या विवरण*

| जातिगत समूह | कुल जनसंख्या | लिङ्ग अनुसार कुमाल जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | | पुरुष | | जम्मा | |
| | | जनसंख्या | % | जनसंख्या | % | जनसंख्या | % |
| नेपाल भरी | २,३१,५१,४२३ | ५०,६८८ | ५१.०० | ४८,७०१ | ४९.०० | ९९,३८९ | ०.४३ |
| खोटाङ्ग | ३,३८,६५८ | २,१२३ | ५१.५० | १,९९९ | ४८.५० | ४,१२२ | १.२२ |
| राजापानी गा.वि.स | ७४६३ | ३८१ | ५१.३५ | ३६१ | ४८.६५ | ७४२ | ९.९४ |
| साधने र हरबोटे* | १५४ | ७४ | ५१.३९ | ७० | ४८.६१ | १४४ | ९३.५ |

श्रोत : के.त.बि. २०५८ । *स्थलगत सर्वेक्षण, २०६७ ।

केन्द्रिय तथ्याङ्क विभाग २०५८ को तथ्याङ्क अनुसार राजापानी गा.वि.स.को जनसंख्या मध्ये कुमालहरुको जनसंख्या ७४२ जसमा महिला ३८१ जना र पुरुष ३६१ जना रहेको पाईयो । २०६५ सालमा गरिएको स्थलगत सर्वेक्षण अनुसार राजापानी गा.वि.स.को साधने र हरबोटेमो कुमालहरुको जनसंख्या १४४ जसमा महिला ७४ जना र पुरुष ७० जना रहेको पाईयो ।

### ५.१.२.१ कुमाल समुदायमा उमेर समूह र लिङ्ग अनुसार जनसंख्या बनोट

कुनै पनि समुदायको सामाजिक, साँस्कृतिक एवं आर्थिक अवस्थाको अध्ययनमा त्यस समुदायको जनसंख्या र जनसंख्याको उमेरगत वितरणको अध्ययनको महत्व हुन्छ । जनसंख्याको उमेरगत संरचनाले त्यस जनसंख्याको सक्रिय जनशक्ति र आर्थिक रुपले निष्क्रिय वा आश्रितहरुको जनसंख्यालाई प्रष्ट पार्दछ । राजापानीमा कुमाल समुदायमा उमेरगत जनसंख्या बनोटलाई तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

*तालिका नं. ६: उमेर समूह र लिङ्ग अनुसार कुमालहरुको जनसंख्या विवरण*

| उमेर समूह | लिङ्ग अनुसार जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | महिला | | पुरुष | | जम्मा | |
| | जनसख्या | % | जनसख्या | % | जनसंख्या | % |
| ०-४ | ११ | १४.८६ | ५ | ७.१४ | १६ | ११.११ |
| ५-९ | १२ | १६.२२ | ९ | १२.८६ | २१ | १४.५८ |
| १०-१४ | ६ | ८.११ | ९ | १२.८६ | १५ | १०.४२ |
| १५-१९ | १० | १३.५१ | ८ | ११.४३ | १८ | १२.५० |
| २०-२९ | १६ | २१.६२ | १४ | २०.०० | ३० | २०.८३ |
| ३०-३९ | ८ | १०.८१ | १५ | २१.४३ | २३ | १५.९७ |
| ४०-४९ | ४ | ५.४१ | ३ | ४.२९ | ७ | ४.८६ |
| ५०-५९ | ४ | ५.४१ | २ | २.८६ | ६ | ४.१७ |
| ६०Γ | ३ | ४.०५ | ५ | ७.१४ | ८ | ५.५६ |
| **जम्मा** | ७४ | १०० | ७० | १०० | १४४ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका नं. ६ अनुसार उमेरगत आधारमा कुमाल जातिको जनसंख्याको वितरण हेर्दा २०-२९ वर्ष उमेर समूहको संख्या ३० अर्थात् कुल जनसंख्याको २०.८३ प्रतिशत हुन आउँछ । जुन जनसंख्याको उमेर समूहको सबैभन्दा बढी संख्या भएको उमेर समूह हो ।सबैभन्दा कम संख्या भएको उमेर समूह ५०-५९ वर्ष उमेर समूह हो । जुन कुल जनसंख्याको ४.१७ प्रतिशत मात्र रहेको छ । तालिका अनुसार कुमालहरुमा वच्चा जन्माउने क्रममा छोराको चाहनामा वढी छोरीहरु जन्मेको देखिन्छ भने महिलाहरुको भन्दा पूरुषहरुको आयु वढी भएको पाईन्छ । त्यसैगरी आर्थिक रुपले सक्रिय र आश्रित जनसंख्याको मान्यता अनुसार १४ वर्ष मुनिको उमेर समूह र ६० वर्ष उमेरभन्दा माथिको उमेर हुनेहरुको संख्यालाई सामान्यतयाः आश्रित जनसंख्यामा लिने गरिन्छ । जस अनुसार राजापानीमा यस्तो जनसंख्या ६० छ । जुन कुल जनसंख्याको ४१.६७ प्रतिशत हुन्छ । आर्थिक रुपले सक्रिय जनसंख्याको रुपमा १५ देखि ५९ वर्ष उमेर हुनेहरुको संख्यालाई लिँदा यो उमेर हुनेहरुको कुलसंख्या ८४ छ । जुन कुल जनसंख्याको ५८.३३ प्रतिशत हो । यस अनुसार राजापानीका कुमाल समुदायको जनसंख्याको आर्थिक रुपले आश्रित प्रतिशत ४१.६७ रहेको छ ।

## ५.१.२.२ कुमाल समुदायमा जनसंख्या प्रतिको धारणा

राजापानीका कुमाल समुदायमा अन्य जातीय समुदायमा जस्तो छोराको जन्म हुँदा बाबुआमा बढी खुशी हुन्छन् । छोरीको जात अर्काको घरमा जाने हो भन्ने धारणा यिनीहरुमा पाइन्छ । जनसंख्या वृद्धि हुने कारणमा यो धारणाले पनि भूमिका खेलेको देखिन्छ ।

परिवारमा छोराको महत्व बढी हुनाले पनि छोराको पर्खाइमा बच्चा जन्माई नै रहन्छन् । छोरा नभए स्वर्ग जाने बाटो बन्द हुन्छ, मृत्युपछि पिण्डपानी दिने मानिस हुँदैन । तसर्थ छोरा चाहिन्छ नै भन्ने धार्मिक विश्वास समेत रहेको पाइन्छ । अर्कोतर्फ जति छोराछोरी भएपनि के हुन्छ र ? सानो हुञ्जेल हुर्काउने हो । हातखुट्टा लागेपछि आफै गरी खान्छन् । सानोमा हुर्काउन केही दुःख हुन्छ तर ठूलो भएपछि धेरैजनाको कमाई खान पाइन्छ । धेरै सन्तान जन्माएपछि बुढेसकालमा एउटा न एउटाले त अवश्य हेर्दछ भन्ने

धारणा राजापानीका कुमाल जातिमा रहेको पाइन्छ । यसले पनि जनसंख्या वृद्धिमा ठूलो भूमिका खेलेको छ । अहिले आएर नयाँ पुस्तामा भने जनसंख्या प्रतिको धारणा केही परिवर्तन भएको पाइन्छ ।

अध्ययनको सिलसिलामा राजापानीका कुमाल समुदायमा  परिवार नियोजन प्रति कस्तो विचार छ भनी घरगन्ती सर्वेक्षणद्वारा २५ घरमूलीको विचार संकलन गरिएको थियो । जुन प्राप्त नतिजालाई तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

*तालिका नं. ७ परिवार नियोजन प्रति कुमालहरुको धारणा*

| **परिवार नियोजन प्रतिको धारणा** | **जम्मा प्रतिशत** | |
|---|---|---|
| | **संख्या** | **प्रतिशत** |
| परिवार नियोजन स्थायी रुपले गर्नुपर्छ | ८ | ३२ |
| परिवार नियोजन अस्थायी रुपले मात्र गर्नुपर्छ | ५ | २० |
| परिवार नियोजन गर्नुहुँदैन | १२ | ४८ |
| जम्मा | २५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका नं. ७ अनुसार राजापानीमा रहेका कुल २५ परिवारका घरमूली मध्ये ४८ प्रतिशत घरमूलीले परिवार नियोजन गर्नुहुँदैन । परिवार नियोजन गरेमा हामी कमजोर हुन्छौं । शारीरिक श्रममूलक कार्य गर्न सकिँदैन । स्वास्थ्य बिग्रिएर जान्छ भन्ने बताए । २५ घरमूली मध्ये २० प्रतिशत घरमुलीले परिवार नियोजन स्थायी रुपले नगरी अस्थायी रुपमा मात्र गर्नुपर्छ भन्ने मत देखाए भने ३२ प्रतिशत घरमूलीले परिवार नियोजन स्थायी रुपमा गर्नुपर्छ भने परिवारको आकार ठूलो बनाउन हुँदैन भन्ने आफ्नो राय बताए ।

यस्ता राय दिनेमा विशेषतः नयाँ पुस्ता (युवकहरु) पर्दछन् । परिवार नियोजन गर्दा शारीरिक श्रम गर्न सकिदैन भन्ने धारणा यिनीहरुमा भएको हुँदा परिवार नियोजन गरेको पाइँदैन । यस गाउँका कुल २५ दम्पत्ति संख्या मध्ये केवल ८ जना पुरुषले मात्र स्थायी परिवार नियोजन गरेको पाइयो भने अस्थायी परिवार नियोजनको साधनहरु प्रयोग गर्नेको संख्या ५ जना पूरुष मात्र पाईयो ।

### ५.१.३ पारिवारिक संरचना

परिवार त्यो संस्था हो, जहाँ व्यक्तिले आफ्नो व्यवहारको स्वरुपलाई निर्धारण गर्न सिकेको हुन्छ । तसर्थ अन्य जातीय समुदायमा जस्तै कुमाल समुदायमा पनि परिवार पतिपत्नीको सामाजिक मान्यता अनुरुप स्थापित सम्बन्धको स्थायी समितिको रुपमा रहेको छ । जहाँ बच्चाको जन्म, लालन, पालन, सम्पत्तिको अधिकार र वंशज कायम भएको हुन्छ ।

#### ५.१.३.१ परिवारको प्रकार

हिन्दुहरुमा संयुक्त परिवार प्रथा धेरै पुरानो आदर्श रही आएको छ । यसमा आर्थिक, सामाजिक, नैतिक तथा धार्मिक कारणहरु छन् । नेपालमा पनि हामी इतिहासको प्रारम्भदेखि नै संयुक्त परिवार प्रथा रहेको देख्छौं । आजभोलि पश्चिमी संस्कृतिको प्रभाव दिनप्रतिदिन बढ्दै गएको पाइन्छ । संयुक्त परिवारको ठाउँमा मानिसहरुले एकात्मक वा सानो परिवारलाई महत्व दिएका छन् । यसरी नै कुमाल जातिमा पनि परिवारप्रतिको धारणामा परिवर्तन आएको पाइन्छ । केही वर्ष अगाडि राजापानीका कुमालहरु संयुक्त वा ठूलो परिवारमा बस्न मन पराउँथे र यसैमा आफ्नो र परिवारको आर्थिक पक्ष र सामाजिक प्रतिष्ठा प्रबल रहको ठान्दथे भने अहिले आएर कुमाल जातिमा एकात्मक वा सानो परिवारको संख्या बढ्दै गएको छ । छोराको विवाह भएको केही वर्षमा नै ऊ आफ्नो बाबु, आमा, दाजु, भाइसँग छुट्टिएर बेग्लै बस्ने गर्दछन् । यहाँ एकात्मक वा सानो परिवार भन्नाले बाबु, आमा, छोरा, छोरी भएको परिवारलाई लिइएको छ भने मध्यम परिवारमा बाबु, आमा, छोरा, छोरी, बुहारी, नाति, नातिनी भएको परिवारलाई लिइएको छ

र संयुक्त वा ठूलो परिवार भन्नाले बाबु, आमा, काका, काकी, दाजु, भाइ, दिदी, बहिनी, नाति, नातिनी, पनाति, पनातिनी, बाजे, बजै सबै भएको परिवारलाई लिइएको छ । यसै कुरालाई आधार मानी राजापानीका कुमाल समुदायमा परिवारको प्रकार कस्तो छ भन्ने सम्बन्धमा घरगन्ती सर्वेक्षणद्वारा तथ्याङ्कहरु संकलन गरियो । परिवारको वर्गीकरणको लागि सामान्यतः वावुआमा र दुई वच्चा भएको परिवारलाई सानो, त्यसमा वावु आमा पनि थप भएको अवस्थालाई मध्यम र सो भन्दा माथि सदस्य संख्या भएको परिवारलाई ठुलो परिवारको रुपमा लिई सोही मापदण्डलाई आधार मान्दै निम्नानुसारले परिवारको वर्गिकरण मापदण्डलाई अवलम्वन गरिएको छ र त्यसबाट प्राप्त नतिजालाई तालिका नं. ८ मा प्रस्तुत गरिएको छ ।

*तालिका नं. ८ कुमाल समुदायमा परिवारको प्रकार*

| **परिवारको प्रकार** | **घरधुरी प्रतिशत** |
|---|---|
| सानो परिवार (१-४) | ४० |
| मध्यम परिवार (५-६) | ३२ |
| ठूलो परिवार (७ भन्दा माथी) | २८ |
| जम्मा | १०० |

श्रोत : स्थलगत अध्ययन २०६७ ।

तालिका नं. ८ लाई हेर्दा राजापानीको कुमाल जातिमा सानो परिवारको संख्या सबैभन्दा धेरै छ (४०%) । यसपछि क्रमशः ३२ प्रतिशत मध्यम परिवारको संख्या रहेको छ भने संयुक्त वा ठूलो परिवारको संख्या २८ प्रतिशत सबैभन्दा कम रहेको पाइन्छ । यसबाट स्पष्ट हुन्छ कि कुमाल जातिमा संयुक्त परिवारप्रतिको धारणा घट्दै गई सानो परिवारको महत्व बढ्दै गएको देखिन्छ तर एकात्मक वा सानो परिवारको संख्या बढ्दै जानुमा थोरै सन्तान जन्माउने प्रवृत्ति नभई छोराहरु आफ्नो बाबु, आमा, दाजु, भाइसँग छुट्टिएर अलग्गै बस्ने प्रवृत्ति बढेको कारण देखिन्छ ।

### ५.१.३.२ विवाह

वैवाहिक सम्बन्ध आफ्नो जातिमा मात्र सीमित छ । कुमालहरुसंगको अन्तरवार्ताको क्रममा आफ्नो छोराछोरीको विवाह १५ देखि ३० वर्ष भित्रमा गरिदिने गरेका पाईयो । अध्ययनको क्रममा १० विवाहित संख्यामा ४ जना केटाले विवाह गर्दा केटी मागेर, ३ जना केटाले भागेर र ३ जना केटीले मागी विवाह गरेको पाईयो । भागी विवाह गर्दा विशेष पर्वहरु जात्रा, विवाह, पूजा, आदिमा केटाकेटी भाग्ने र केही समय पछि मात्र विवाह गर्ने गर्दछन् । तर आजभोलि विवाह गर्दा केटाकेटीको मञ्जुरी लिएर गरिन्छ । केटी मागेपछि केटा पक्षबाट ठेकी लगाउने चलन छ । ठेकी लगाउँदा केटा पक्षकाले १/२ पाथी रक्सी, रोटी, एउटा खसी र एउटा कुखुराको भाले लैजानुपर्दछ । ठेकी लगाइसकेपछि विवाहको दिन निश्चित गर्न अर्को पटक जानुपर्दछ । त्यतिबेला भने केही लैजानु पर्दैन ।

केटा पक्षकाले मागेको सामान लिएर तोकिएको दिनमा विवाह गर्न जान्छन् । केटी पक्षकाले १२ पाथी चामल, १२ पाथी रक्सी, १२ धार्नी मासु, १२ बीस रोटी माग्ने चलन थियो तर हाल यस्तो माग्ने चलनमा क्रमशः परिवतन हुँदै आएको पाइन्छ । आजभोलि आएर केटी पक्षकाले यस्तो यति नै ल्याउनुपर्छ नभनी आफ्नो औकात इज्जत अनुसार ल्याउनु भन्न थालेका छन् । यसरी माग्ने चलन हराउँदै गई केही दाइजो दिन पनि थालेका छन् । पहिला पहिला केटी पक्षकाले यति यस्तो सामान लिएर आउनुपर्दछ भनी माग्दथे र त्यस समयमा दाइजो दिने चलन भने थिएन । विवाह गर्दा धेरैले ज्वाइँचेलालाई ब्राह्मणको रुपमा काम गर्न लगाउँछन् भने कुनै परिवारमा ब्राह्मणलाई नै बोलाउने चलन पनि छ । यज्ञमा बसेर विधिपूर्वक विवाह गर्दछन् । केही बाहुन क्षेत्रीको सम्पर्कमा रहेका कुमाल परिवारले विवाहमा जाँड, रक्सी केही नमगाई, दही, केरा, फलफूल मगाई ब्राह्मणलाई डाकी विधिपूर्वक विवाह गरेको पनि पाइन्छ । यसरी गर्ने विवाहलाई कुमाल जातिले बाहुने विवाह भन्ने गरेको पाइन्छ । त्यस्तो विवाह एकदुई परिवारमा विकल्पको रुपमा देख्न पाइन्छ । विवाह गरी सकेपछिको पहिलो वर्षमा जेठ महिनामा जेठाजु-बुहारी, श्रावण महिनामा सासू-बुहारी एकै घरमा बस्नु हुँदैन बस्यो भने अशुभ हुन्छ भनि नयाँ

बुहारी जेठ, श्रावण महिनामा माइतीघरमा जान्छन् । यसलाई जेष्ठ, श्रावण बार्ने भन्दछन् । यस्तो चलन कुमाल जातिमा मात्र नभएर यस ठाउँका बाहुन, क्षेत्री लगायत सबै जातिमा रहेको पाइन्छ ।

### ५.१.३.१ कुमाल समुदायमा रहेको वैवाहिक स्थिति

राजापानीको कुमाल समुदायमा रहेको वैवाहिक स्थितिलाई तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

*तालिका नं. ९ कुमाल समुदायमा वैवाहिक स्थिति*

| **वैवाहिक स्थिति** | **लिङ्ग अनुसार जनसंख्या** | | |
|---|---|---|---|
| | **महिला** | **पुरुष** | **जम्मा** |
| | **%** | **%** | **%** |
| विवाहित | ५६.०० | ५९.१५ | ५७.५३ |
| अविवाहित | ४२.६७ | ३९.४४ | ४१.१० |
| विधवा/विधुर विवाहित मध्ये | १.३३ | १.४१ | १.३७ |
| पारपाचुके | ०.०० | ० | ०.०० |
| जम्मा | १०० | १०० | १०० |

श्रोत : स्थलगत सर्भेक्षण, २०६७ ।

तालिका नं. ९ अनुसार राजापानीको कुमाल समुदायमा अविवाहित भन्दा विवाहित जनसंख्या बढी छ । विवाहित ५७.५३ प्रतिशत छ भने अविवाहित ४१.१० प्रतिशत छन् । विधुर भन्दा विधुवा वरावर छन् । विधुर १.४१ प्रतिशत छन् भने विधवा १.३३ प्रतिशत छन् । विधु तथा विधवाको तथ्याङ्क लिंदा विवाहित मध्येवाट नै लिईएकोले  जनसंख्या वढी देखिएको हो । पारपाचुके गरेको देखिएन । केही मात्रामा पुरुषहरुले बहुविवाह गर्ने चलन

छ यद्यपी विवाहित महिला र पुरुषको संख्या वरावर नै तथ्याङ्कले देखाउंछ । तथापी विवाहित संख्यामा महिला ५६ प्रतिशत र पुरुष ५९.१५ प्रतिशत रहेको छ ।

## ५.१.३.२ कुमाल समुदायमा विवाहको उमेर

सामान्यतः कुमालहरु आफ्नो छोराछोरीको विवाह १५ देखि ३० वर्षमा गरिदिने गरेको पाईयो ।  राजापानीको कुमाल समुदायमा छोराछोरीको विवाहको उमेरलाई तालिका नं. १० मा प्रस्तुत गरिएको छ ।

*तालिका नं. १०: कुमाल समुदायमा छोराछोरीको विवाह गर्दाको उमेर*

| उमेर समूह | जम्मा संख्या | |
|---|---|---|
| | जनसंख्या | प्रतिशत |
| १५-१७ वर्ष | १० | ४० |
| १८-२० वर्ष | १० | ३६.२३ |
| २१-२५ वर्ष | ४ | ३३.३३ |
| २६-३० वर्ष | १ | १३.०४ |
| जम्मा | २५ | १०० |

श्रोत : स्थलगत सर्भेक्षण, २०६७ ।

राजापानीको कुमाल जातिमा छोराछोरीको विवाह गरिदिने उमेरमा खासै फरक छैन । अन्य जाति ब्राह्मण, क्षेत्रीमा जस्तो छोराछोरीको विवाह सक्षम भएपछि गरिदिनु पर्दछ अर्थात २० वर्ष भन्दा माथि भएपछि पढाई लेखाई एवं रोजगार व्यवसायको हिसावले सक्षम वन्दै जान्छन भन्ने धारणा कुमाल जातिमा भएको पाईएन ।

## ५.१.४ नातेदारी व्यवस्था

अन्य जातिमा जस्तै कुमाल जातिमा पनि नाता दुई किसिमको रहेको पाइयो ।

१. रक्त सम्बन्धी नाता ।

२. विवाह सम्बन्धी नाता ।

बाबुआमा, छोराछोरी, दाजुभाइ, दिदीबहिनी, दिदीभाइ आदि बीचको नाता रक्त सम्बन्धी नाता हो भने लोग्ने-स्वास्नी, सासू-बुहारी, ससुरा-बुहारी, ज्वाइँ-जेठान, साला-साली, नन्द-भाउजु, जेठाजु-बुहारी आदि विवाह सम्बन्धी नाता हुन् । यसरी रक्त नाता र वैवाहिक नाताबाट परिवारको निर्माण हुन्छ । त्यही परिवारमा बालकको जन्मदेखि लालनपालन, पोषण, सम्पत्ति अधिकारको सृजना र वंश निर्धारण भएको हुन्छ । देवर, भाउजु, साली, भिना आदि बीचको नाता मजाकिलो किसिमको हुन्छ ।

कुमाल समुदायमा घरको मूली व्यक्तिमा जो जेठा छ, त्यही व्यक्ति नै घरको मूली हुन्छ । यसमा कुनै लिङ्गभेद हुँदैन, जसमा बाबु, आमा, बाजे, बजै हुन्छन् । जसबाट परिवारको कार्य संचालन हुन्छ । बाबुको मृत्युपछि हक छोराहरुमा स्वतः सर्ने हुन्छ । अन्य जातिमा जस्तै कुमाल जातिमा पनि आफूभन्दा ठूलोलाई आदर सम्मान गर्दछन् भने आफूभन्दा सानोलाई माया गर्ने चलन हुन्छ । घरको महत्वपूर्ण निर्णय घरपरिवारको सबै सदस्यहरुको सरसल्लाह बमोजिम घरमूलीले अन्तिम निर्णय गर्दछन् ।

## ५.१.५ कुमाल समुदायमा महिलाहरुको स्थान

समाजमा नारीको स्थान कस्तो छ भनेर हेर्न सर्वप्रथम पारिवारिक संगठन ढाँचा हेर्नुपर्ने हुन्छ । हिन्दु धर्मले नारीको स्थानलाई त्यति तल राखेको छैन जति आज समाजमा नारी उपेक्षित छन् । कुनै कुनै समाजमा नारीको स्थान अति नै कमजोर रुपमा रहेको छ । कुमाल समाजमा पनि नारीको स्थान त्यति राम्रो छ भनेर मान्न सकिदैन । पितृसतात्मक परिवार प्रथा र पुरुषप्रधान वर्तमान समाजको ढाँचा कुमाल परिवारमा पनि देख्न पाईन्छ ।

पुरुषको सल्लाह विना महिलाहरु कुनै पनि कुराको निर्णय लिन सक्दैनन् । घरको कामदेखि लिएर बाहिर मेलापातको काम सबैमा पुरुषको भनौं विवाहितले आफ्नो लोग्नेको र अविवाहित केटीहरु बाबुको सल्लाह अनुसार काम गर्दछन् । यसमा पनि छोरीको भन्दा बुहारीको स्थान झनै तल रहेको देखिन्छ । बुहारीहरुले आफूभन्दा माथिका मान्यजनहरुले भनेको मात्र नभई घरपरिवारका सबै सदस्यहरुले भनेको मान्नुपर्दछ ।

कानुनी रुपमा लिङ्गभेद नगरी समान कामको लागि समाज ज्याला दिनुपर्दछ भन्ने प्रावधान भएतापनि व्यवहारिक रुपमा यस्तो भएको पाइदैन । गाउंघरमा हुने काममा पर्म अर्थात श्रम वांडफांड गर्ने गरिएता पनि  ज्यालालाई रकममा हिसाव गर्नुपर्दा सामान्यतः पुरुषको ज्याला प्रतिदिन रु. १००। छ भने महिलाको ज्याला प्रतिदिन रु. ७०। मात्र भएको पाइन्छ । तर ज्याला मजदुरी गर्ने क्रममा वजारमा आई घर वनाउने काममा वढी पुरुषहरु संलग्न भएका छन् भने पक्की घर ढलान गर्ने क्रममा ढलानको दिन महिलाहरु पनि काममा आउंछन यसो गर्दा पूरुषले दिनभरको रु. ३५०।- प्राप्त गर्छन भने महिलाले रु.२००। प्राप्त गर्ने गरेको स्थानीयले वताईन ।

कुमाल जातिका महिलाहरु बालबच्चाको हेरचाह र घरधन्दाको काममा मात्र सीमित नरहेर उनीहरु लोग्नेमानिस सँगसँगै ज्याला मजदुरीको काममा जाने गर्दछन् । सुत्केरी भएको अवस्थामा समेत धेरै दिन आराम नगरी २/३ महिनाबाट नै बच्चालाई घरमा छाडेर अथवा बच्चालाई हेरिदिने मानिस नभएमा सँगै लिएर भए पनि कुमाल समुदायका महिलाहरु, जसलाई हामी कुमाल्नी भन्दछौं, काममा जाने गरेको देखिन्छ ।

शिक्षाको क्षेत्रमा पनि राजापानीका कुमाल समुदायका महिलाहरु पुरुषको तुलनामा निकै पछाडि परेको पाइन्छ । कुमाल जातिमा एकजना महिलाले एस.एल.सी. पास गरी उ.मा.वि. मापढ्दै गरेको पाईयो । १ जनाले एस.एल.सी. गरेको पाईयो भने १ जनाले मा.वि. र ३ जनाले नि.मा.वि. मा अध्ययन गर्दै गरेको पाइयो । प्रा.वि. मा भने केटीहरुको सहभागीता दिनप्रतिदिन बढ्दै गएको पाइन्छ । यसरी यस पुस्तामा शिक्षाको सहभागीता केही मात्रामा बढेको छ भने अन्य महिलाहरु प्रौढ महिला, युवतीहरु बहुसंख्यक नै अशिक्षित रहेको देखिन्छ । यसरी महिलाहरु अशिक्षित हुनाका पछाडि निम्न कारणहरु प्रमुख रहेको देखिन्छ ।

१. गरिबी (प्रौढ शिक्षा लिन दिनभरी ज्यालादारी काममा जानुपर्ने, साँझमा थकाइले पढ्न जान नसक्नु)

२. चेतनाको अभाव

३. पुरुषहरुको दबाब (पुरुषहरुले महिलालाई पढ्न जान पर्दैन भनी रोक लगाउनु)

४. बाबुआमा अशिक्षित हुनाले आफ्नो छोरीलाई पढाउन नखोज्ने ।

### ५.१.६ सामाजिक संरचना

राजापानीमा विशेषतः कुमाल, ब्राह्मण, क्षेत्री, नेवार, र दमाईहरुको बसोबास छ तर सामाजिक सम्बन्धको कुरा गर्दा राजापानीमा बसोबास गर्ने जातिहरुसँगको सामाजिक सम्बन्धको मात्र अध्ययन नगरी राजापानीको छिमेकी गा.वि.स. हरुमा बसोबास गर्ने सबै जातीय समुदायसँगको सामाजिक सम्बन्ध के कस्तो छ भन्ने अध्ययन गर्नु बढी सान्दर्भिक देखिन्छ किनकी यस क्षेत्रका कुमालहरु आफ्नो जिविकोपार्जनका लागि राजापानीमा मात्र सीमित नरही माथि उल्लेखित सबै गाउँ विकास समितिमा जाने आउने गर्दछन् ।

राजापानीका कुमालहरु सरल र सोझा स्वभावका छन् । यिनीहरु आर्थिक रुपले अन्य जातीय समुदायभन्दा पछाडि परेका छन् । त्यसैले कुमालहरु दैनिक रोजीरोटीको लागि अन्य जातिहरु ब्राह्मण, क्षेत्री, नेवार आदिको घरमा हली, गोठालो बस्ने साथै कृषि मजदुरी गरेर जीवन निर्वाह गर्दछन् । तसर्थ यहाँको कुमाल समुदाय र अन्य जातीय समुदाय बीचको सामाजिक सम्बन्धको मुख्य आधार एउटै भौगोलिक सामाजिक दायराभित्रको आर्थिक सन्दर्भ हो । आर्थिक रुपमा धेरै पछाडि परेको हुनाले अन्य जातीय समुदायहरुले हेलाको दृष्टिले हेर्छन् ।

जातीय विभाजनमा कुमाल जातिहरु पानी चल्ने समूहमा पर्दछन् । कुमाल जातिलाई ब्राह्मण, क्षेत्रीहरुले आफ्नो भान्सामा जान दिँदैनन् । भन्नुको अर्थ घरभित्र एउटा निश्चित ठाउँसम्म मात्र जान दिन्छन् । मतवाली समूहमा पर्ने नेवार, मगर, गुरुङ आदिले कुमालहरुले पकाएको खाना खाँदैनन् । त्यस्तै शूद्र वर्गमा पर्ने सबै जातीय समुदायलाई कुमालहरुले आफ्नो घरभित्र जान दिँदैनन् र छोएको पनि खाँदैनन् । कानुनी रुपमा जातीय भेदभावपूर्ण व्यवहार हटिसकेको छ तापनि ग्रामीण क्षेत्रमा अहिलेसम्म छुवाछुतको व्यवहार पाइन्छ तर पहिलेको तुलनामा धेरै शिथिलता आएको छ ।

## ५.१.७ शिक्षा

राजापानी गा.वि.स.का कुमालहरुको शैक्षिक अवस्था, साक्षरताको स्थिति, विद्यालय जाने तथा विद्यालय जाने क्रमवाट वञ्चित वालवालिकाहरुको अवस्था एवं कुमालहरुको शिक्षामा सहभागिता जस्ता विषयमा निम्नानुसारले अध्ययन गरी देखाईएको छ ।

### ५.१.७.१ कुमाल समुदायमा साक्षरताको स्थिति

अध्ययन अनुसन्धानका सिलसिलामा राजापानीका कुमाल समुदायको घरगन्ती सर्वेक्षणद्वारा व्यक्तिगत शैक्षिक अवस्थाको बारेमा तथ्याङ्कहरु संकलन गरियो । यस सर्वेक्षणबाट प्राप्त नतिजालाई तालिका नं. ११ मा प्रस्तुत गरिएको छ :

*तालिका नं. ११ कुमाल समुदायमा साक्षरताको स्थिति*

| **विवरण** | **कुमाल जनसंख्या** | **निरक्षर** | | **साक्षर** | |
|---|---|---|---|---|---|
| | | **जनसंख्या** | **%** | **जनसंख्या** | **%** |
| महिला | ७४ | ४३ | ५८.११ | २९ | ४१.४३ |
| पुरुष | ७० | ३१ | ४१.८९ | ४१ | ५८.५७ |
| जम्मा | १४४ | ७४ | १००.०० | ७० | १००.०० |
| प्रतिशतमा | | ५१.३९ | | ४८.६१ | |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका नं. ११ अनुसार राजापानीका कुमाल समुदायमा साक्षरता ४८.६१% छ । साक्षर जनसंख्या मध्ये महिला साक्षरता ४१.४३ प्रतिशत र पुरुष साक्षरता ५८.५७ प्रतिशत रहेको छ भने कुमाल समुदायमा निरक्षरता ५१.३९ प्रतिशत छ । यसमा  निरक्षर जनसंख्या मध्ये महिला निरक्षरता ५८.११ प्रतिशत र पुरुष निरक्षता ४१.८९ प्रतिशत रहेको छ । यसबाट स्पष्ट हुन्छकि कुमालगगाउँका कुमाल समुदायमा निरक्षरताको बाहुल्य रहेको छ । यसमा पनि पुरुषको तुलनामा महिलाहरु त झनै अशिक्षित वा निरक्षर भएको प्रष्ट हुन्छ ।

## ५.१.७.२  कुमाल समुदायमा  शैक्षिक स्तर

अध्ययनको सिलसिलामा राजापानीका सम्पूर्ण कुमाल समुदायको घरगन्ती सर्वेक्षणद्वारा व्यक्तिगत शैक्षिकस्तरको सम्बन्धमा तथ्यहरु संकलन गरियो । त्यसबाट प्राप्त हुन आएको नतिजालाई तालिका नं. १२ मा प्रस्तुत गरिएको छ ।

*तालिका नं. १२ कुमाल समुदायमा  शैक्षिकस्तर*

| | **लिङ्ग अनुसार संख्या** | | | | | |
|---|---|---|---|---|---|---|
| | **महिला** | | **पुरुष %** | | **जम्मा %** | |
| **विवरण** | **जनसंख्या** | **%** | **जनसंख्या** | **%** | **जनसंख्या** | **%** |
| प्रा.वि. | २६ | ८१.२५ | २७ | ७१.०५ | ५३ | ७५.७ |
| नि.मा.वि. | ३ | ९.३८ | ८ | २१.०५ | ११ | १५.७ |
| मा.वि. | १ | ३.१३ | २ | ५.२६ | ३ | ४.२९ |
| एस.एल.सी. | १ | ३.१३ | ० | ० | १ | १.४३ |
| उ.मा.वि. | १ | ३.१३ | ० | ० | १ | १.४३ |
| क्याम्पस | ० | ०.०० | १ | २.६३ | १ | १.४३ |
| जम्मा | ३२ | १०० | ३८ | १०० | ७० | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका नं. १२ अनुसार राजापानीका कुमाल समुदायमा प्रा.वि. स्तरमा ५३ जना वा ७५.७ प्रतिशत, नि.मा.वि. मा ११ जना वा १५.७ प्रतिशत र मा.वि. मा ३ जना वा ४.२९ प्रतिशत, एस.एल.सी. मा १ जना वा १.४३ प्रतिशत, उ.मा.वि. मा १ जना वा १.४३ प्रतिशत र क्याम्पस तहमा १ जना वा १.४३ प्रतिशत रहेको छ । यहाँ प्रा.वि. स्तरबाट क्रमिक रुपमा नि.मा.वि., मा.वि., एस.एल.सी., ऊ.मा.वि.र क्याम्पसको संख्या घट्दै गएको देखिन्छ । यस्तो किन भयो त भन्ने क्रममा अनुसन्धान गर्दा के पाइयो भने प्रा.वि. स्तरसम्मका बालबालिकाहरुले खासै श्रममूलक कार्य गर्न नसक्ने हुनाले उनीहरुलाई स्कूल पठाइन्छ तर नि.मा.वि. पुग्दा केटाकेटीहरुले श्रममूलक कार्य गरी आफूलाई साँझ विहानको खाने बाटो गर्न सक्नेछन् । मुख्य रुपमा यही कारणले उनीहरुलाई विद्यालय नपठाई श्रममूलक काममा लगाइन्छ । दैनिक जीवनयापनका यिनै समस्याहरुले गर्दा कुमाल जातिलाई शिक्षा आर्जनमा सहभागी हुन अवसर प्राप्त हुन सकेन । यसबाट पनि कुमाल जातिको आर्थिक अवस्था कस्तो छ भन्ने मूल्याङ्कन गर्न सकिन्छ । यसको साथै शिक्षा आर्जन गर्नुपर्छ भन्ने भावना कुमाल समुदायको मानिसहरुमा ज्यादै कम देखिन्छ । यसर्थ प्रा.वि. देखि शैक्षिकस्तर घट्दै जानुको मुख्य कारणमा आर्थिक समस्या र तिनीहरुमा रहेको परम्परागत सामाजिक भावनाले ठूलो भूमिका खेलेको पाइन्छ । उक्त शैक्षिक संस्थाहरु मध्ये कुमाल गाउं प्रा.वि. मा अध्ययन गर्ने कुमाल समुदायको विद्यार्थीहरुको संख्या निम्नानुसार रहेको छ ।

*तालिका नं. १३ कुमाल जातिका केटाकेटीहरुको विद्यालयमा संलग्नता*

| कक्षा | कुमाल विद्यार्थी संख्या | % |
|---|---|---|
| १ | ११ | २८.२१ |
| २ | ९ | २३.०८ |
| ३ | ८ | २०.५१ |
| ४ | ६ | १५.३८ |
| ५ | ५ | १२.८२ |
| जम्मा | ३९ | १०० |

श्रोत :साधने र हरबोटो प्रा.वि.को दैनिक हाजिर रजिष्टर २०६७ ।

तालिका नं. १३ अनुसार कक्षा १ मा अध्ययन गर्ने कुमाल विद्यार्थीको संख्या ११ ( २८.२१ प्रतिशत) छ भने कक्षा २, ३ र ४ मा क्रमिक रुपमा घटेर कक्षा ५ मा पुग्दा त केवल ५ (१२.८२ प्रतिशत) मात्र अध्ययनरत छन् । यसको प्रमुख कारण पनि घरमा पढ्न जानु पर्छ भनेर परामर्श तथा उत्साह प्रदान गर्ने अभिभावकको कमी, विद्यालय भन्दा घरको काम अथवा जयाला मजदुरिमा सहयोग गर्न गए हुन्थ्यो भन्ने हो भने समग्र समुदायमा परेको प्रभाव जसता  सामाजिक भावना रहेको पाईन्छ ।

### ५.१.७.३ विद्यालय जाने उमेरका, खास विद्यालय जाने र विद्यालय जानबाट बञ्चित कुमाल बालबालिका

राजापानीको कुमाल समुदायमा केटाकेटी ५ वर्ष पुगेपछि विद्यालय पठाउने गरेको पाइन्छ । यही कुरालाई आधार मानी ६ वर्षदेखि १९ वर्ष उमेरसम्मका केटाकेटीलाई विद्यालय जाने उमेर समूहमा लिइएको छ । यस अनुसार ६ वर्षदेखि १७ वर्ष उमेर भएका कुमाल केटाकेटीहरुको जम्मा संख्या ७० रहेको छ । यसमा केटीको संख्या ३९ (५५.७%) र केटाको संख्या ३१ (४४%) छ । विद्यालय जाने उमेरका कुल ७० केटाकेटी मध्ये जम्मा ६० (८५.७१%) जना केटाकेटी मात्र विद्यालय पढ्न जाने गर्दछन् । यसमा पनि केटीको संख्या ३२ (५३..३%) र केटाको संख्या २८ (४७%) रहेको छ । तसर्थ विद्यालय जानबाट बञ्चित कुमाल केटाकेटीको संख्या १० (१४.२८%) रहेको देखिन्छ । यसलाई तालिका नं. १४ मा प्रस्तुत गरिएको छ ।

*तालिका नं. १४ विद्यालय जाने उमेरका, विद्यालय जाने र विद्यालय जानबाट बञ्चित कुमाल बालबालिका :*

| विवरण | लिङ्ग अनुसार संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | केटी | | केटा | | जम्मा | |
| | संख्या | % | संख्या | % | संख्या | % |
| विद्यालय जाने उमेरका | ३२ | ८२.०५ | २८ | ९०.३२ | ६० | ८५.७१ |
| विद्यालय जाने गरेको | ७ | १७.९५ | ३ | ९.६८ | १० | १४.२९ |
| विद्यालय जानबाट बञ्चित भएका | ३९ | १००.०० | ३१ | १००.०० | ७० | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

तालिका नं. १४ लाई अध्ययन विश्लेषण गर्दा राजापानीको कुमाल समुदायमा अहिलेसम्म शिक्षाको उज्यालो त्यति राम्रोसँग पुग्न नसकेको तथ्य प्रमाणित हुन्छ । त्यहाँका कुमाल जाति अझै पनि निरक्षर छन् । साक्षरता प्रतिशतलाई हेर्दा त्यहाँको विद्यालय जाने उमेरका बालकालिका मध्ये ८५.७१ प्रतिशत विद्यालय जाने गरेका पाइयो भने १४.२९ प्रतिशत बालबालिका विद्यालय नजाने गरेको पाइयो । यसरी रहर हुँदाहुँदै पनि विद्यालय जानबाट वञ्चित हुनुपरेका बालबालिका को संख्याले के देखाउँछ भने यहाँको शिक्षाप्रतिको चेतनाको स्तर कमी छ । यहाँका अभिभावकहरुले आफ्ना बालबालिकाहरुले विद्यालय पढाउन पठाउने कुरामा खासै ध्यान नदिएको कुरा स्पष्ट हुन आउँछ । यसरी शिक्षाको क्षेत्रमा पछाडि पर्नुका विभिन्न कारणहरु हुन सक्छन् । अध्ययनको सिलसिलामा राजापानीका कुमालहरु शिक्षाको क्षेत्रमा पछाडि पर्नुको मुख्य कारण के हो ? भन्ने सम्बन्धमा अध्ययन, अनुसन्धान, विश्लेषण गर्दा निम्न कारणहरु रहेको पाइयो ।

## ५.१.७.४ कुमाल बालबालिको शिक्षामा बाधक तत्वहरु

### क) आर्थिक अवस्था

राजापानीका कुमालहरुको आर्थिक अवस्था ज्यादै नाजुक छ । यिनीहरुसँग खेती गर्ने जमिन निकै कम छ । त्यसले जीवन निर्वाहका लागि अर्काकोमा ज्याला मजदुरी गर्नुपर्दछ । २/४ पैसा भएपनि कमाइएला भन्ने आशामा वजार तथा वाहिरतिर लाग्नुपर्छ

र परिवारमा कमाउन सक्नेको संख्या कम छ । एक परिवारमा केटाकेटी र बूढाबूढी गरी औसतमा २/३ जना आश्रितहरुको संख्या रहेको पाइन्छ ।

दैनिक ज्याला मजदुरीमा कमाएर ल्याएको आम्दानीले परिवारका सबै सदस्यहरुलाई दुई छाक पेटभरी खान पनि धौ धौ पर्छ । यस्तो अवस्थामा घरका बालबालिकाहरुलाई विद्यालय पढ्न पठाउँदा भन्दा गाई, गोरु, भैसीं, बाखा आदि चराउन पठाउँदा अनि अलि सानोलाई घरको काममा लगाई घरमा ठूला मानिसहरु अरुको ज्याला मजदुरीमा जाँदा र अलि ठूला केटाकेटीहरुलाई आफूसँगै काममा लैजाँदा नै घरको आर्थिक समस्या टर्ने हुनाले राजापानीका कुमालहरुले बालबालिकाहरुलाई विद्यालय नपठाई घरको काममा लगाउने गर्दछन् ।

यहाँ कुमालहरुको आर्थिक अवस्थामा सुधारको लागि खेतीपाती र पशुपालन मुख्य रुपमा देखा परेका छन् । रातो र बलौटे माटोको खेत बारी प्रसस्तै छ तर पनि उत्पादन भएको देखिएन तर खान र लाउनको लागि पर्याप्त हुन्छ । यहाँको चलन अनुसार सहयोग र पर्म लाउने हुन्छ भने हाट बजारतर्फ गई ज्याला मदजुरी भने कमै मात्रामा हुने गरेको पाइन्छ ।

## ख) सामाजिक अवस्था

राजापानीका कुमालहरु अति नै सोझा सरल प्रकृतिका छन् भने उनीहरुमा केही एकोहोरोपन पनि विद्यमान छ । त्यसैले कुमालहरु अन्य जातिहरु ब्राह्मण, क्षेत्री आदिसँग त्यति घुलमिल भई बस्न मन पराएको देखिदैन । अरु जातिसँग घुलमिल, आउने जाने नगर्ने हुँदा शिक्षाको महत्व राम्ररी नबुझि यहाँका कुमालहरु भन्ने गर्दछन् कि, पढेर के हुन्छ ? जति पढे पनि खान त परिहाल्छ, काम नगरी खान पाईदैन, विद्यालय पढ्न जान भन्दा त ज्याला मजदुरी काममा गयो भने २/४ पैसा भएपनि कमाइन्छ अनि खान हुन्छ । कुमाल जातमा कसले पढेर के गरेको छ र ? "बाजेले पढेनन्, उनीहरुलाई खान भएकै थियो भने अहिले आएर हामीलाई किन पढ्नु पऱ्यो" यसरी ५० वर्ष अगाडिको स्थितिसँग दाँज्ने गर्दछन् । कुमाल जातिमा रहेको यही विचारधाराले गर्दा छोराछोरीलाई पढाउनुपर्छ भन्ने भावनाको अभावमा छोराछोरीलाई काममा पठाउँछन् । यस्तै विद्यमान सामाजिक कुसंस्कारले गर्दा राजापानीका कुमालहरु शिक्षा आर्जन गर्नमा पछाडि परेका छन् ।

### ५.१.८ स्वास्थ्य तथा सरसफाई

राजापानीका कुमालहरु आर्थिक रुपले विपन्न भएका भए तापनि बाटोघाटो, घरआँगन खासै फोहोर देखिदैन । सबैको घरमा शौचालय नभए पनि उनीहरु मध्ये धेरैजसोले सरसफाईमा ध्यान दिएको पाइन्छ । केटाकेटीहरुको हकमा भने उनीहरु जहाँपायो त्यहि दिशापिशाव गरेको देखिन्छ । पानीको स्रोत त्यति टाढा नभएता पनि त्यति नुहाउने, कपडा धुने गर्दैनन् । लगाएको कपडा सधैं मैलो नै देखिन्छ । कहिलेकाँही भने राम्रा कपडा लगाएको देख्न सकिन्छ जुनबेला उनीहरु आफ्नो पर्व मनाइरहेका हुन्छन् । परेवा, हाँस, कुखुराको खोर, गाई, भैंसी तथा दिसापिसाव जताततै छिरलिएको पाइन्छ । यहाँका बासिन्दाहरु विहानदेखि साँझसम्म खेतबारीमा काम गर्ने भएकाले सरसफाईमा किन ध्यान नदिएको भनि प्रश्न गर्दा काममा विहानदेखि साँझसम्म खटिनु पर्दछ अनि कसरी कतिबेला सरसफाई गर्ने भनी उल्टो प्रश्न गर्दछन् ।

## ५.२. सांस्कृतिक अवस्था

कुमालहरु मध्येको राजापानी गा.वि.स. अन्तर्गत साधने र हरबोटेका कुमालहरुको सांस्कृतिक अवस्था नियालेर हेर्दा उनीहरु समाजमा एक आपसमा मिलेर बसोबास गरेको देखिन्छ । उनीहरु प्रायजसो खेतीपाती र पशुपालनमा व्यस्त रहेको देखिन्छ भने समय सापेक्ष समुदाय, टोल, छिमेकमा भेटघाट, आपसी समझदारी र सहयोगको भावना साट्ने, मेला, चाडपर्वमा भेटघाट हुने गर्दछन् । यस्तो अवस्थामा विशेषगरी जाँड रक्सीले सम्मान गर्ने प्रलचन यहाँ रहेको पाइन्छ । यसरी रहँदा रहँदै पनि यदाकदा समाजमा झै-झगडा भएको पनि पाइन्छ । यसका अलावा उनीहरु खेतबारी र पशुपालनमा व्यस्त हुने हुँदा त्यस्ता झै-झगडाहरु पनि कमै भएको पाइन्छ ।

### ५.२.१ गोत्र

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने कुमालहरु मध्ये आफ्नो गोत्रका बारेमा बहुसंख्यक  उत्तरदाताहरुलाई थाहा नभएको पाइयो । उत्तरदाताहरु मध्ये कै केही कुमालहरुका अनुसार  उनीहरु “काशींगोडा गोत्र” भएको बताउँछन् । यद्यपी यस गोत्र भित्र उनीहरु कसरी परे वा उनीहरुको यो गोत्र कसरी भयो भन्ने बारेमा भने उनीहरुलाई

केही थाहा नभएको र यस अध्ययन क्षेत्र भित्र बसोबास गर्ने सबै कुमालहरु कांशीगोडा गोत्र भित्रकै भएको मान्दछन् ।

### ५.२.२ रहनसहन

हरेक जातजातिको आ-आफ्नै रहनसहन हुने गर्दछ । मानव समाजलाई चिनाउने आधार नै उसले निर्माण गरेको सँस्कृति हो । सँस्कृतिको निर्माण, संरक्षण र पालनाले गर्दा नै मानव सम्पदा विकसित हुँदै दिन प्रतिदिन खारिँदै आएको छ ।

राजापानीमा बसोबास गर्ने कुमालहरुले ठूला मानिसलाई आदर गर्ने, सत्कार गर्ने, ठूलाबडाको आज्ञा पालन गर्नु, एक आपसमा सहयोग जुटाउनु जस्ता सामुदायिक कार्यमा लागि परेको पाइन्छ । यहाँ भएको अर्को महत्वपूर्ण सहयोगमा पर्म लगाउने अथवा श्रमशक्ति पालैपालो गरी लगाउने हो भन्नुको अर्थ परिआएको काममा आज एक ठाउँमा सबै कुमाल जाति मिलेर एकजनाको काम गर्ने भोलि अर्काकोमा गई काम सिध्याउने चलन यहाँका कुमालहरुमा रहेको पाइन्छ ।

### ५.२.३ खानपान

साधारणतया भोजनको कुरा गर्दा जातिगत आधारभन्दा पनि हावापानी र धरातलीय स्वरुपलाई लिनुपर्ने हुन्छ । धरातल र हावापानी अनुसार नै कृषि पैदावर उत्पादन गरी जीवन धान्नुपर्ने बाध्यता सबैलाई छ । धान, मकै, कोदो, गहुँ, दालहरु मुख्य रुपमा यहाँ उत्पादन गरिन्छ । कुमाल जातिको खानपान साधारण किसिमको अर्थात अरु जाति सरह नै छ । कुमालहरु साधारणतया ढिंडो, भात, रोटी, दाल, तरकारी खाने गर्दछन् । मकै, कोदो, गहुँ, चामलबाट जाँड, रक्सी बनाई खाने गर्छन् । जाँडलाई विशेषतः खाजाको रुपमा प्रयोग गर्दछन् भने रक्सी चाहिँ विशेष गरी विवाह, चाडवाड, पूजाआजा, दशैं, तिहार आदिमा प्रयोग गर्दछन् ।

## ५.२.४ भेषभूषा

प्रत्येक जातजाति र समुदायका मानिसहरुले जात विशेषको आधारमा पहिरन लगाएको पाइन्छ । तर आज शिक्षा, संचार र यातायातको सुविधाले यसमा केही प्रभाव पारेको देखिन्छ । कुमाल जातिका बूढापाका पुरुषहरुले सेतो रंगको पटुका, कछाड, कमिज, सुरुवाल, दौरा लगाउँछन् भने नयाँ पिँढीका युवकहरु वा केटाहरु चाहिँ सट, पाइन्ट नै लगाउने गर्दछन् । बूढाबूढी, महिलाहरु रातो सारीमा कालो छिरविरे बुट्टा भएको गुन्यू, चोलो, पटुका, घलेक लगाउँछन् भने केटीहरु चाहिँ साडी, ब्लाउज, कुर्ता, सुरुवाल, फ्रक लगाउने गर्दछन् । भेषभूषा हेर्दा कुमाल जाति र अन्य जातिमा खासै त्यस्तो फरक देखिँदैन । लगाउनेहरुमा बूढाबूढीले कानमा मढौंरी, ढुँग्री, नाकमा लाहुरे फुली, घाँटीमा मुगाको माला साथै चाँदीको हमेल लगाउने गर्दछन् । केटीहरु चाहिँ नयाँ फेसन अनुसारकै गहनाहरु कानमा लुर्का, टप, रिंग, घाँटीमा तिल्लहरी, सिक्री, हातमा चुरा, घडी, औंठी लगाउँछन् तर गहना प्रयोग गरेको कमै मात्रामा देखिन्छ, कारण कुमाल जातिको आर्थिक अवस्था ज्यादै नै कमजोर हुनाले हो । केटाकेटीहरुलाई हेर्ने हो भने सबैले आधा फाटेको, च्यातिएको कपडाहरु लगाएको देखिन्छ । यसबाट पनि कुमालहरुको आर्थिक अवस्था कमजोर भएको पुष्टि हुन्छ ।

## ५.२.५ धर्म र भाषा

नेपालका अन्य ठाउँहरुमा जस्तै कुमाल गाउँमा विभिन्न जातिको मिश्रित वसोवास कम पाइन्छ । तर आसपास क्षेत्रमा वसोवास गर्ने कुमाल, ब्राम्ह्ण, क्षेत्री, दमाइ, नेवार, राई, दमाई सबै जातिले एउटै हिन्दु धर्म मान्दछन् । कोहीकोहीले भने नगण्य मात्रामा बौद्ध धर्म र क्रिश्चियन धर्म पनि मान्ने गरेका छन् । यहाँका मानिसहरु मठ, मन्दिरमा जाने, पूजाआजा गर्ने आफ्ना देवीदेवताको पूजा गर्ने तथा स्वर्ग, नर्क पाप, पुण्य जस्ता कुरामा विश्वास राख्दछन् । यिनीहरु शिव भगवान, विष्णु भगवान, राम भगवान आदिको पूजा गर्ने गर्दछन् । यी जातिहरु आफूलाई दुख, कष्ट, आपत विपत पर्दा आफ्नो मनोकामना पुरा होस भनी देवतालाई पुकार्ने गर्दछन् ।

यहाँ सामान्यतया एक अर्का जातिसँग बोल्ने भाषाको रुपमा नेपाली भाषालाई प्रयोग गरिन्छ भने कुमालहरु आफ्नो घरमा कुमाल भाषा नै बोल्दछन् । कुमाल जातिको आफ्नो मातृभाषा भए पनि नेपाली भाषाको प्रभावले घर तथा घर बाहिर पनि कुमाल भाषाको प्रयोग गर्दैनन् । क्षेत्री, बाहुन तथा दमाइले भने नेपाली भाषालाई प्रयोग गर्दछन् ( स्थलगत अध्ययन, २०६५)। कुमाल भाषा प्रायः नेपाली भाषासंग मिल्दोजुल्दो हुन्छ ।

## ५.२.६ मान मर्यादा र सत्कार

समुदायको बनौट र त्यहाँ बस्ने वासिन्दाहरुको स्थिति र स्वाभावमा मानमर्यादा र सत्कार भन्ने कुरा निर्धारण हुन्छ । प्राय : घर परिवार र मान्यजनहरुलाई तिमी र तँ शब्दको बढी प्रयोग गर्छन् । तर बाहिरी मानिसहरुलाई "तपाइँ" शब्दको प्रयोग गर्दछन् । नयाँ पिढीका युवायुवतीहरुमा मानमर्यादा र सत्कारको कमी देखिन्छ । घर आएका मानिसहरुलाई सत्कार गर्ने परिपाटीको कमी देखिन्छ र विशेष सत्कारका लागि जाँड, रक्सी, मासुले सत्कार गर्ने चलन रहेको उनीहरुले बताए ।

## ५.२.७ मनोरञ्जन

पहिला पहिला कुमालहरु मनोरञ्जनको लागि गाउँमा हुने पूजा-आजा चाडवाड र विवाह, जात्रा, व्रतबन्ध जस्ता समय र मेलाहरुमा नाचगान गरेर राम रमिता गर्ने गर्दथे । तर अहिले सञ्चारको विकासले गर्दा रेडियो, टेलिभिजनबाट प्रभावित भई यसबाट बढी मनोरञ्जन लिन थालेको पाइन्छ । यसबाट उनीहरुको  आफ्नो मौलिकता प्रायः हराउँदै गइरहेको छ । यसका अतिरिक्त खोटाङ्ग बजार स्थित चलचित्र भवनमा फिल्म हेरेर पनि मनोरञ्जन  गर्ने गरको  देखिन्छ ।

विशेषतः यस समुदायको युवा युवतीहरमा फिल्म प्रतिको आकर्षण बढी छ । उनीहरु कामबाट अलिकति फुर्सद मिल्ने वित्तिकै  फिल्म हेर्न पुगिहाल्ने कुरा त्यहाँका स्थानीय वासिन्दाहरु बताउँदछन् । आजकाल नाचगान र मेलापात जाँदा पनि फिल्मी गीत र त्यही गीतहरुमा नाँच नाँच्ने गरिदै आई रहेको कुरा स्थानीय वासिन्दाहरु बताउँदछन् ।

### ५.२.८ चाडपर्व

मानव समाजको साँस्कृतिक पक्षसँग सम्बन्ध राख्ने महत्वपूर्ण अङ्गको रुपमा चाडपर्वलाई लिईन्छ । कुमालहरु प्रायः हिन्दु धर्म मान्ने भएकोले यिनीहरुले मनाउँदै आएका चाडपर्वहरु पनि प्रायः हिन्दु सँस्कारसँग सम्बन्धित छन् । यिनीहरुले मुख्य चाडपर्वको रुपमा दशैं, तिहार लगाएत फागुपूर्णिमा, साउने संक्रान्ति, जनैपूर्णिमा, माघे संक्रान्ति, वैशाख पूर्णिमा लगाएतका चाडपर्वहरु मनाउने गर्दछन् । अन्य हिन्दु समुदाय र यिनीहरुको चाडपर्वको बीचमा समान खालको चलन रहेको देखिन्छ । जसलाई निम्नानुसार बयान गरिन्छ ।

#### क. दशैं

दशैं कुमाल जातिहरुले पनि अरु जातिहरुको जस्तै गरी आफ्नो गच्छे अनुसार मनाउँछन् । दशैंमा आमाबाबुले आफ्नो छोराछोरी, बुहारी, नाति, नातिनी, ज्वाइँ, चेला, भाञ्जा, भाञ्जी सबैलाई टिका लगाइदिने, आशिर्वाद दिने, मिठोमिठो खाना खुवाउने गर्दछन् भने अरु सबैले आफ्नो मान्यजनबाट टीका लगाउने, आशिर्वाद लिने गर्दछन् । टीका लगाउन जाँदा रक्सी, मासु, केरा, रोटी आदि कोसेलीको रुपमा लिएर जाने गदछन् ।

#### ख. तिहार

कुमालहरु तिहार तीन दिनसम्म धुमधामका साथ मनाउने गर्दछन् । यिनीहरुले तिहारलाई बढी रक्सी, जाँड, नाचगाँन आदिबाट विदाई गर्दा रहेछन् । गाई तिहारको साँझदेखि यिनीहरु प्रत्येक घरघर पुगेर भैलो खेल्ने काम गर्दछन् । गाई तिहारको साँझ लक्ष्मी पूजा गर्दछन् र घरमा पूँजा आजा गर्ने गर्दछन् ।

भाइटीकाको दिन दिदीबहिनीले आफ्नो दाजुभाइलाई टीका, फूलमाला लगाइदिने, मिठो खानेकुरा (खानामा चाहिँ रक्सी, माछामासु, कुखुराको फुल हुनैपर्छ) खुवाउने गर्दछन् । दिदीबहिनी नहुनेले आफ्नो फूपुको हातबाट टीका लगाउँछन् । यदि तिहारमा आफ्ना दाजुभाइ घरमा छैनन् भने घरमा नभएका दाजुभाइको नाममा उनीहरुको फोटोमा समेत

टीका, फूलमाला लगाइदिने गर्दछन् । दाजुभाइलाई टीका लगाई सकेपछि दिदीबहिनीले आफ्नो दाजुभाइको शत्रु नाश होऊन् भनी ओखरको दानालाई घरको सँगारमा फोर्ने गर्दछन् ।

### ग. तीज

राजापानीका कुमाल जातिले तीजको बेला आफ्ना छोरीहरु, भाञ्जीहरु, नातिनीहरु, दिदीबहिनीहरुलाई बोलाएर खुवाउने गर्दछन् । यसरी बोलाई खुवाउने चलनलाई दर खुवाउने भनिन्छ । साथै श्रावण संक्रान्तिदेखि तीजको दिनसम्म दिदीबहिनीहरु कुनै निश्चित ठाउँमा जम्मा भएर आफ्नो मनमा लागेका वर्षभरीका दुःख सुखका कुराहरु गीतको रुपमा व्यक्त गर्दै नाचगाँन गरी रमाइलो गर्दछन् ।

### घ. फागु पूर्णिमा

विशेष गरी फागुपूर्णिमालाई यस जातिले महत्वपूर्ण चाड मान्छन् । यस पूर्णिमाको दिन कुमाल जातिले आ-आफ्नो कुलायन पूजा र अकालमा मरेको मानिसहरुको आत्माले दुःख नपुऱ्याओस भनेर बायु पूजा समेत गर्ने गरिन्छ । यो पूजा कसरी के के विधिबाट गरिन्छ भन्ने सवालमा यस अनुसन्धानकर्ताको जिज्ञासामा यो पूजा अरुलाई देखाउन र भन्न नमिल्ने धारणा उनीहरु व्यक्त गर्दछन् । आफ्नै कुलको मानिसहरुको अगुवाहरुबाट गरिने यस कुलायन पूजामा विभिन्न भाकल अनुसार कुखुरा, हाँस, बोकाहरु काट्ने चलन छ । साथै पूजाका लागि विभिन्न थरीका परिकारहरु सेलरोटी, रातो, सेतो ध्वजाहरु चढाउने र त्यस ध्वजाहरुलाई पूजा पश्चात प्रसादको रुपमा घाँटीमा लगाउने चलन छ । साथै यस कुलायन र बायु पूजाका प्रसादहरु विहेवारी भएका आफ्नै चेलीबेटीलाई समेत दिन नमिल्ने कुरा उनीहरु बताउँछन् ।

यदि उक्त प्रसादहरु कूल भन्दा बाहिरको मानिसहरुले खाएमा र कूल देवताको थानमा प्रवेश गरेमा उनीहरुको समुदायमा अनिष्ट पैदा हुने कुरा उनीहर बताउँदछन् । त्यसैले उनीहरु आफ्नो कुल देवताको नाम समेत अरुलाई बताउन नमिल्ने भन्दछन् ।

### ङ. माघे संक्रान्ति

यी जातिका मानिसहरुले प्रायः गरेर माघे संक्रान्ति पर्वलाई भव्य रुपमा मनाउँदछन् । यस समयमा घर घरमा तरुल, सखरखण्ड, पिडालुहरु उसिनेर खाने साथै चिउरा, सेलरोटी, मासको बारा, माछा, मासुका साथै जाँड रक्सी खाने गर्दछन् । अन्य ठूलो चाडमा भन्दा यस जातिले यस वेला जाँड रक्सीको सेवन अत्याधिक गर्ने गर्दछन् ।

### च. साउने संक्रान्ति

यी समुदायका मानिसहरुले साउने संक्रान्ति समेत रमाइलो गरी मनाउँदछन् । यस समयमा खेतवारीको कामबाट प्रायः फुर्सद हुन्छ र सो अवसरमा उनीहरु आफूलाई फुर्सदको महसुस गर्दछन् । यस पर्वमा शरीरको हिलो मैलो फ्याकेर मासु, जाँड रक्सी र भात खुवाउँछन् , आफू पनि खान्छन् र सँगै रमाइलो नाचगान समेत गर्दछन् ।

### छ. बैशाख पूर्णिमा /गौडी पूर्णिमा

यस जातिले वैशाख पूर्णिमालाई गौडी पूर्णिमा भनेर मनाउँदछन् । विशेषतः गोठमा गोवरको मूर्तिमा सिमली गाडी गाईको दूध, जल चढाउने र त्यहाँ पूजाआजा सहित कुखुराको भाले काट्ने चलन छ । यस पूजाको लागि १ वर्ष देखि नै भालेलाई भाकल गरी राखेको हुन्छ । यसो गर्दा गौडी देवताले गोठका सम्पूर्ण वस्तुभाउहरुलाई संरक्षण गर्छन भन्ने उनीहरुको विश्वास चलि आएको छ ।

### ज. चैते दशैं

यसलाई यी समुदायका मानिसहरु सानो दशैं मान्छन् । यस दशैंमा टिका लगाउने चलन छैन । तर रामनवमीको दिनमा पूजाआजा गर्छन र चैते दशैंमा मासु र रक्सी खाई खेलवाड समेत गर्ने चलन रहेको छ । यी चाडहरुको अतिरिक्त तीज, जनैपूर्णिमा, शिवरात्री जस्ता चाडवाडहरु यस कुमाल समुदायमा मनाउँदै आइरहेको देखिन्छ ।

### ५.२.९ पूजाआजा

कुमाल समुदायमा विभिन्न चाडपर्वहरु मनाउनुको अलावा समय समयमा विभिन्न देवी देवताहरुको पूजाआजा गर्ने चलन परम्परागत रुपमा चलिआएको देखिन्छ । यिनीहरु हिन्दु सँस्कार अनुसार ब्राम्हण, क्षेत्रीले गर्ने पूजा-आजालाई नै मनाउँदछन् । तर क्षेत्री बाहुनहरुको पूजाआजा गर्दा ब्राम्हण पुरेत डाकेर गरिने चलन छ भने कुमाल जातिको पूजाआजामा आफ्नै ज्वाँई चेला, फूपु चेलाहरुलाई पुरेतको रुपमा डाकिने चलन छ । यसको साथै यिनीहरुले सत्यनारायण पूजा, कुल पूजा, बायुपूजा, गौडी पूजा लगाएतका विभिन्न पुजाहरु गर्दछन् ।

कुलपूजा प्रत्येक वर्षमा फागुपूर्णिमाको दिनमा प्रत्येक घरको कुमालहरु जम्मा भएर गरिन्छ । त्यही समयमा वायुपूजा समेत गरिन्छ । यसरी समुदायमा गरिने पूजालाई निम्नानुसार वर्णन गरिन्छ ।

#### क. कुलायन पूजा

बैशाखे पूर्णिमाको दिन कुमालहरु आफ्नो कुलायनको पूजा गर्दछन् । सक्नेले कुखुराको भाले, नसक्नेले धुप बत्ती, फूल, अक्षेता आदि लिएर आफनो दाजुभाइहरु एकै ठाउँमा भेला भई पूजा गर्दछन् । आफैले उत्पादन गरेको तिल दिनभरी भोकै बसी बेलुकीपख त्यसलाई पेलेर त्यही तेलबाट कुलायन पूजा गर्दछन् । जसबाट रोटी हाल्ने, पुरी पकाउने लगायतका अन्य पक्वान्न बनाई आफ्ना कुल देवताको पुजाआजा गर्ने गर्दछन् ।

#### ख. वायु पूजा

मरेका मानिसहरु वायुको रुपमा रही दुःख नपाउन भन्नका लागि वायुको पूजा गर्ने गरिन्छ । कुमालहरुले वायुको पूजा माघे संक्रान्तिको दिन खिँचडी पकाई आफ्नो घर नजिकको नदीमा गई नुहाई चोखोनितो गरी आफ्ना पितृहरुको सम्झनामा खिँचडी पकाई चढाउने गर्दछन् । यसरी कसैले खिँचडी पकाई चढाउँछन भने कसैले चामल र मासको

दानालाई हरियो पातमा राखी बत्ती जलाई पूजा गर्दछन् । वायुको पूजा बैशाखे पूर्णिमाको दिनमा पनि गर्दछन् ।

### ग. गौडी पूजा

प्रत्येक वर्ष वैशाख पूर्णिमाको दिनमा गौडीपूजा गर्ने गरिन्छ । गौडीपूजा प्रत्येक घर परिवारले आ-आफ्नो गाईको गोठमा गोवरले मूर्ति बनाई "शिकारी गौडी" अर्थात महादेवको शिकारी स्वरुपको रुपमा पूजा आजा गरिन्छ । यसरी पूजा गर्दा घरको मुख्य मानिसले गोवरको मूर्तिमा सिमली गाडी गाईको दूध चढाउने र पूजाआजा नैवेद्य चढाउने गर्दछन् । साथै सँगैको अर्को छेउमा ढुङ्गाको मूर्ति स्थापना गरी पूजा गरिन्छ ।

### घ. नागपञ्चमी

ब्राह्मण, क्षेत्रीहरुले जस्तै कुमालेहरुले पनि नागको पूजा गर्दछन् । नागको पूजा गरेपछि नागले टोक्दैन, चट्याङ पर्दैन, पहिरो जाँदैन भन्ने जनविश्वास पाइन्छ । यिनीहरुको विश्वास अनुसार नाग २ किसिमका हुन्छन् । बली पूजा गर्ने नागलाई कुखुराको बली दिन्छन् र बली पूजा गर्न नपर्नेलाई धुप बत्ती प्रसाद मात्रले पूजा गर्दछन् ।

कुमाल जातिमा गरिने मुख्य पूजाआजामा सत्यनारायणको पूजा बढी लगाउने गरेको पाइयो । सत्यनारायणको पूजा लगाउँदा ब्राह्मणलाई बोलाई विधि विधानपूर्वक गरिन्छ । जाति अनुसार गरिने पूजाआजामा मुख्य रुपमा वैशाखे पूर्णिमा र माघे संक्रान्तिलाई लिन सकिन्छ ।

### ५.२.१० सँस्कारहरु

मानिस सर्वोत्कृष्ट प्राणी भएको हुनाले मानव समुदायले जन्मेदेखि नमरुन्जेलसम्म विभिन्न खालका कर्महरु गर्दै आइरहेको छ । प्रत्येक समुदायको आ-आफ्नै किसिमका कर्महरु हुन्छन् । कर्महरुमा विविधता पाइन्छ र जीवन पद्धतिलाई व्यवस्थित बनाई दिएको हुन्छ अन्ततः त्यही नै सँस्कार बन्दछ । कुमाल समुदायले गर्ने विभिन्न खालका सँस्कारहरु निम्न अनुसार छन् ।

**क. रजस्वला (नछुने हुने)**

प्रत्येक मानिसमा स्वभाविक रुपमा प्राकृतिक गुण पाईन्छ । यदि यस्तो प्राकृतिक गुण नभएमा मानिस अस्वभाविक ठहर्छ । यही प्रकृतिले नारी जातिलाई दिएको गुण मध्ये रजस्वला एक हो । विशेषतः ११ देखि १५ वर्ष उमेर पुगेका महिलाहरुमा प्रथम पटक रजस्वला हुने गर्दछ । यस अवस्थालाई महिला प्रजनन् अवस्थामा लाग्न सक्ने उमेर अवस्थाको संकेतको रुपमा लिइन्छ । यो प्राकृतिक गुण हो तर हिन्दु धर्म संस्कारले यसलाई अलग्गै रुपमा लिएको छ ।

यस "कुमाल" समुदायका महिलाहरुले हिन्दु धार्मिक संस्कार अनुसार नै नियम भित्र रहेर मासिक श्राव वार्ने गर्दछन् । यस समुदायमा रजस्वला हुनेलाई "पर सर्नु" वा "नछुने हुनु" भनेर भनिन्छ । यसै समुदायका महिलाहरुले पहिलो चोटी रजस्वला भएको बेलामा दाजुभाईको मुख हेर्न हुँदैन भन्ने चलन अनुसार दाजु भाइले नदेखुन् भनेर केही टाढाका छिमेकी कहाँ राख्छन् । ११ दिन सम्म बाहिर बसी सकेपछि नुवाई धुवाई गरेर बाहिर निकाली पानी छुन दिने र घरमा भित्र पस्न दिइने चलन देखिन्छ । अथवा रजस्वाला भएको युवतीलाई ११ दिनसम्म गुफामा कसैले नदेख्ने गरी राख्ने र त्यसपछि मात्र छाड्ने गरेको पाइन्छ । यसपछिको पालाहरुमा पर सर्दा बाहिर जानु पर्दैन र आफ्नै घरमा ४ दिन सम्म छोइ छिटो वारेर अलग्गै बस्ने र चौथो दिनपछि नुवाई धुवाई गरेर शुद्ध हुनको लागि सुन पानी र गाईको गहुँत छर्किने गर्दछन् ।

यसरी पर सरेको बेलामा फलफूलको बोटमा छुन मनाही गरिन्छ । किनभने यसबेला छोईएमा फलफूलहरु कुहिन्छ भन्ने भनाई छ । अर्कोतर्फ रजस्वला भएको बेलामा कुनै पनि धार्मिक कार्य, पितृकार्य गर्न बन्देज लगाइन्छ । यदि यस्तो समयमा रजस्वला नवारी छुवाछुत गरेमा पाप लाग्छ अर्थात् अनिष्ट हुन्छ भन्ने भनाई छ ।

**ख. गर्भावस्था**

गर्भावस्थामा समेत महिलाहरुलाई निश्चित नियमहरु मान्नु पर्ने हुन्छ । कतिपय नियमहरु रुढिगत छन् भने कतिपय वैज्ञानिक तथ्यमा आधारित छ भन्न सकिन्छ । यस

कुमाल समुदायको श्रीमती गर्भवती भएको पुरुषले काटमार गर्दैनन् । किनभने उक्त महिलाको श्रीमानले काटमार गर्दा श्रीमतीको पेटको बच्चा तलमाथी हुन सक्छ भन्ने धारणा छ भने गर्भवती महिलालाई काटमार गरेको हेर्न मनाही छ । किनभने यस्तो बेलामा महिला डराएर पेटको बच्चा तुहिन सक्ने धारणा छ ।

### ग. जन्म तथा न्वारन

बालक जन्मेको छैटौं दिनमा छैंटी कर्म गर्दछन् । न्वारन जम्मेको ५ वा ७ दिनमा गर्ने गरेको पाईयो । न्वारन गर्दा ब्राह्मणलाई नबोलाई आफ्नो जातिबाट नै गराउने चलन रहेको छ । बालकको नाम राख्न मात्र ब्राह्मणलाई भन्दछन् ।

बच्चा जन्मेको नौ वा एघार दिनको दिनमा न्वारन गरिन्छ । सुत्केरी हुँदाको दिन देखि सुत्केरीलाई “विटुलो” भएको मानिन्छ । अर्थात् छोइ छिटो वारिएको हुन्छ । न्वारन भएपछि सुत्केरी चोखिने र परिवारमा लागेको सुतक पनि समाप्त हुन्छ । यस क्षेत्रका कुमाल समुदायले न्वारनको दिनमा फूपु/ज्वाँई चेलाले सामान्य विधि गरेर चोख्याउने गर्दछन् । चोख्याउन पण्डितको आवश्यकता पर्दैन । सुत्केरी चोख्याउने क्रममा सुत्केरीलाई “गहुँत” खान दिने र सुत्केरीको ओछ्यान लगाएत घरको भित्र दैलोमा गाईको गोबरले पोतेर चोख्याउँदछन् र बच्चालाई पनि सुनपानी र गहुँत छर्केर चोख्याउँछन् । न्वारन गर्ने क्रममा लोग्ने अथवा हजुरबुवा, देवर, जेठाजु वा परिवारको कुनै एक सदस्य साक्षी राखेर गरिन्छ ।

यसबाट के स्पष्ट हुन्छ भने न्वारनको दिन बच्चाको लागि आमाको साथै बाबुको पत्तो लाग्ने दिन हो । यस बेलामा कुमाल समुदायका आ-आफ्नो नजिकका नातेदारहरु बोलाएर आ-आफ्नो क्षमता आनुसार खर्च गरी रमाइलो गर्ने गर्दछन् ।

### ङ. पास्नी ( भात खुवाई )

पास्नी अर्थात् भात खुवाई नहुँदा सम्म बच्चालाई भात खुवाइँदैन । बच्चा बढ्दै जाने क्रममा आमाको दुध अप्रयाप्त हुने भएपछि उसलाई भात खुवाउन पर्ने हुन्छ । राम्रो दिन जुराई छोराको ६ महिनामा र छोरीको ५ महिनामा भात खुवाउने (पास्नी गर्ने) चलन

छ । भात खुवाउने दिन छोरा भए ६ महिना र छोरी भए ५ महिना कुनै उपयुक्त साइतमा पाश्नी गर्ने परम्परा छ । यस समयमा आफ्नो आर्थिक अवस्था अनुसार आफन्त र छरछिमेकलाई निमन्त्रणा गरेर भोज भतेर गर्ने चलन रहेको पाइन्छ ।

### च. मृत्यु

मृत्यु पश्चात् शवलाई सबै मिली नजिकैको थोपल खोलामा लगेर दाह सँस्कार गर्दछन् । पहिलेपहिले शवलाई जमिनमा दबाउने चलन थियो तर हाल यो चलन पूर्ण रुपमा हटेको छ । काजक्रिया १२ दिनसम्म बस्ने र १३ दिनमा निस्कने चलन छ । १३ दिनमा नै माछामासु, जाँडरक्सी प्रयोग गर्दछन् । धेरैले १३ दिनमानै केहीले ४५ दिनमा र थोरैले ६ महिनासम्म सेतो कपडा लगाउने माछामासु केही नखाई दुःख बोक्ने चलन छ । लोग्नेको स्वास्नी र छोराहरुले, आमाबाबुको छोराहरुले दुःख बार्ने गर्दछन् ।

## ५.३ आर्थिक अवस्था

मानव क्रियाकलापका हरेक पक्षलाई प्रभाव पार्ने आर्थिक पक्षले समुदायको साँस्कृतिक रीतिरिवाज, चालचलन र जीवनशैली आदिमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । राजापानीमा बस्ने कुमाल समुदायको आर्थिक अवस्था हेर्दा परम्परागत जीवन निर्वाहका लागि मात्र कायम रहेको छ । यी कुमालहरुको आर्थिक अवस्था उनीहरुलाई दुई छाक खान र एकसरो लगाउन नपुग्ने किसिमको छ । ग्रामीण कृषि अर्थव्यवस्थाको परिवेशमा रोजगारका विविध अवसरहरु छैनन् । सामान्य कृषि उत्पादन उपभोगसँग सम्बन्धित छ ।

### ५.३.१ भू-स्वामित्वको स्थिति

राजापानीमा बसोबास गर्ने कुमाल जातिहरु आफ्नो जीवन निर्वाहको लागि पूर्ण रुपमा कृषि कार्यमा संलग्न छन् । तर उनीहरुसँग कृषियोग्य जमिन ज्यादै कम रहेको पाइन्छ । आफ्नो घरको कृषि उत्पादनबाट धेरैजसो परिवारलाई ३/४ महिनासम्म पनि खान पुग्दैन । अध्ययनको क्रममा घरगन्ती सर्वेक्षणद्वारा राजापानीको कुमाल समुदायमा भोगचलन गरिआएको जग्गाको सम्बन्धमा तथ्यहरु संकलन गरियो । प्राप्त नतिजालाई तालिका नं. १५ मा प्रस्तुत गरिएको छ ।

*तालिका नं. १५ कुमाल समुदायमा भूमिको वितरण*

| भूमिको परिमाण (रोपनीमा) | परिवार संख्या | | जग्ग (रोपनीमा) |
|---|---|---|---|
| | संख्या | % | |
| भूमिहिन परिवार | ० | ० | ० |
| १-५ रोपनी सम्म | १ | ४ | ४ |
| ५-१० रोपनी सम्म | ८ | ३२ | ६६ |
| १०-१५ रोपनी सम्म | १२ | ४८ | ३६ |
| १५+ रोपनी सम्म | ४ | १६ | १०१ |
| जम्मा | २५ | १०० | २०७ |

श्रोत : स्थलगत अध्ययन, २०६७ ।

यसरी हेर्दा कुमाल समुदायमा जमिनको स्वामित्व सन्तोषजनक देखिन्छ । यहाँ रातो बलौटे माटोले बनेको र सुख्खा ठाउँ परेको छ । गाउँदेखि अलि पर दायाँ र बायाँतर्फ पानीको मूल भएको हुनाले धान रोप्न समेत योग्य स्थल देखिन्छ । स्थलगत सर्वेक्षण अनुसार यहाँ हुने उत्पादनहरुमा धान, दाल, भटमास, जुनेलो आदि हुने गरेको देखिन्छ । उन्नत मल, बीउ, औजार र किटनाशक औषधि आदिको प्रयोग नगरी पुरानै कृषि प्रणाली अनुसार नै खेती गर्ने चलन छ । कुमाल गाउँमा भूमिहिन हरुको वसोवास नभएको पाइयो । त्यस्तै ४ परिवारको जग्गा १०१ रोपनी देखियो । उनीहरुको लागि पूरा वर्षभरि खाएर बचाउने अन्न उत्पादन भएको पाइयो । स्थानीय स्तरमा १५ देखि २५ रोपनी सम्मको जग्गामा स्वामित्व भएका परिवारलाई उच्च स्तरको दांजोमा राखिन्छ भने सो भन्दा कमी स्वामित्व भएको परिवारलाई राम्रो र १० रोपनी भन्दा कम हुनेहरुले अली बढी परिश्रम गर्नुपर्ने देदिन्छ । कुमाल समुदायको भू स्वामित्वको वितरणमा ४ प्रतिशत परिवारको अवस्था नाजुक देखिन्छ भने अन्य परिवारको भू स्वामित्वको अवस्था सन्तोषप्रद तथा राम्रो देखिन्छ भने कृषि उपजवाट खाद्यान्नको आवश्यकता परिपूर्ति भएको देखिन्छ ।

### ५.३.२ घरको बनोट

राजापानीमा बसोबास गर्ने कुमाल समुदायको बस्तीमा त्यहाँको हावापानी, आर्थिक अवस्था नजिकैको वजार आदिले प्रभाव पारेको छ । यहाँको कुमालहरु गरीब नै भएपनि वस्ने घरहरु भने ढुंगा वा जस्ताको नै भएको पाईयो । यहाँका कुमाल परिवारहरुको घर हेर्दा ढुंगा जस्ताले छाएको देखिएता पनि घर भित्रको व्यवस्थापन त्यति राम्रो पाईएन भने घरको अवस्था अत्यन्त जिर्ण भएको पाईयो । यहाँका कुमालहरुमा घर बनाउदा आलोपालो गरी पर्ममा घर बनाउने चलन रहेको छ । घर बनाउँदा जाँड, रक्सी, मासुभात खुवाउने गरिन्छ ।

घरको दलानमा ढिकी, जाँतो तथा कपडा झुण्ड्याउने रसी राखिएको हुन्छ । साथै हसिँया, खुर्पेटो, माछा मार्ने जाल, टपी कसै कसैको घरमा पुराना माटोको भाँडा बनाउने चक्का आदि पनि राखिएको हुन्छ । घर नजिकैमा बाखाको खोर तथा कुखुरा बोक्ने जाली र पेरुङ्गो पनि राखिएको हुन्छ । आँगनमा हँसिया, बञ्चरो जस्ता हतियारमा धार लगाउन एउटा ढुङ्गा राखिएको हुन्छ, जसलाई उनीहरु उधिन भन्छन् । हाँस, कुखुरा पालेको घरमा हाँस, कुखुरालाई पानी खानको लागि आँगनमा एउटा सानो कुन्टो बनाएका हुन्छन् । यिनीहरुको घरको बनोट हेर्दा गरिबी झल्किन्छ ।

### ५.३.३ पेशा

राजापानीका २५ घरपरिवारका सबै कुमाल परिवारले आफ्नो भएको जमिनमा खेतीपाती त गर्दछन् तर २ घरपरिवार बाहेक अरु सबैलाई आफ्नो खेतीपातीबाट खान नपुग्ने हुनाले आफ्नो घरको काम सकी कसैले अरुकोमा ज्याला मजदुरी गर्ने गर्दछन् भने केही युवा पिँढीहरु भारतमा जाने गर्दछन् त केही घरपरिवारले जाल बन्ने तथा माछा मारी बेच्ने काम गर्दछन् । त्यस्तै उनीहरुमध्ये आर्मी प्रहरीमा ३ जना र वैदेशिक राजगारीमा २ जना संलग्न छन् । धेरै जसो वजारमा आई ज्याला मजदुरी काम गर्ने गरेको पाईन्छ ।यसको अतिरिक्त केही साहु महाजनहरुकोमा हली (अर्काको घरमा पुरै समय काम गर्न बस्ने) बस्ने गर्दछन । यसरी पेशाको कुरा गर्दा विभिन्नता रहेको पाइन्छ ।

### ५.३.३.१ हालको मुख्य पेशा

राजापानीका कुमालहरु परम्परादेखि नै आफ्नो जातीय पेशाको रुपमा कृषि पेशालाई पनि अंगाल्दै आएको पाइन्छ । जातीय पेशामा ह्रास आउनु, अन्य औद्योगिक विकास नहुनुको कारण यस क्षेत्रका कुमालहरु पूर्ण रुपमा कृषिमा आधारित छन् । सबैको मुख्य पेशाको रुपमा कृषि र कृषि मजदुरी रहेको पाइन्छ । यिनीहरुसँग जमिन बढी नै छ तर उर्वर भूमि कम छ भन्ने कुरा त माथिनै उल्लेख भई सकेको छ ।

काम नपाइने समयमा २/४ महिनाको लागि यहाँका मानिसहरु कामको खोजीमा भारत तथा देशकै अन्य वजारका विभिन्न ठाउँमा जाने गर्दछन् । यसरी भारत तथा खाडी मुलुकतर्फ लाग्नेको संख्या पनि बढ्दै गएको कुरा त्यहाँका बासिन्दाहरु बताउँछन् । राजापानीका कुमालहरुको कुल जनसंख्याको ८ प्रतिशत मानिसहरु कामको खोजीमा भारतको दिल्लीतथा खाडी मुलुक जस्ता ठाउँहरुमा जाने गर्दछन् । त्यसै गरी नेपाल आर्मी तथा प्रहरीमा जागीर खाने को परिवार संख्या ३ अर्थात १२ प्रतिशत रहेको छ । ड्राईभर भई काम गर्नै संख्या ३ अर्थात १२ प्रतिशत रहेको छ ।

### क. पशुपालन

परम्परागत रुपमा हेर्दा कृषि र पशुपालनलाई एक अर्कामा निर्भर रहेका व्यवसाय मान्न सकिन्छ । राजापानीका कुमालहरुले पनि कृषिसँगै पशुपालनलाई अंगालेको पाइन्छ । जनावरहरुबाट प्राप्त मलको प्रयोग गरी यहाँ खेती गर्दछन् भने गाई, भैंसीको दूध, दही, घ्यू आदि विक्री गरी केही आयआर्जन गर्दछन् । त्यस्तै खसी, बोका, हाँस, कुखुरा, परेवा आदि मासुको रुपमा प्रयोग गर्दछन् । अर्कोतर्फ यी पशुहरु विक्री गरी केही आयआर्जन गर्दछन् । तर यहाँ पालिने पशुहरु उन्नत किसिमको (जातको) नभई आफ्नै बाबुबाजेदेखि पाल्दै आएका पुराना किसिमका नै छन् । खासै व्यवसायको रुपमा पशुपालन गरेको पाइदैन । केवल खेतबारीको लागि मल र गोरसको लागि मात्र पाल्ने गरेको पाइन्छ । राजापानीमा पालेका पशुहरुको प्रकार र परिमाणलाई तालिका नं. १७ मा प्रस्तुत गरिएको छ ।

*तालिका नं. १७ कुमाल समुदायमा पालिएका पशुहरुको विवरण*

| पशुको विवरण | संख्या |
|---|---|
| भैसी | २२ |
| गाई, गोरु | १८ |
| बाखा | २६ |
| कुखुरा परेवा | ५१ |
| जम्मा | ११७ |

श्रोत : स्थलगत अध्ययन, २०६७ ।

कुमाल समुदायको प्रत्येक घरमा पालिने पशुहरुले उनीहरुको आथिक हैसियतलाई चित्रण गर्ने गरेको मुख्य सूचनादाताहरु वताउँछन् । घरमा भैसी पाली दुध खान सक्ने परिवारलाई आर्थिक रुपले सम्पन्न मान्न सकिन्छ । यसका अलावा उनीहरु गोरु र गाई पनि प्रमुख रुपमा पाल्ने गरेको पाइन्छ । गोरुलाई जोत्नको लागि प्रयोग गर्ने र गाईबाट दुःध प्राप्त गर्न सकिने हुनाले भैसी नपाल्नेहरुले गाईगोरु पालेको देखिन्छ ।

## ख. ज्याला मजदुरी

यस क्षेत्रका कुमालहरु ज्याला मजदुरको काम गर्दा आफ्नो गाउँको नजिकै रहेको खोटाङ्ग आसपासको बाहुन, क्षेत्री, नेवार, आदि जातिकोमा जाने गर्दछन् । यहाँ चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण, कार्तिक र मंसिर महिनामा कामको बढी चाप हुने हुँदा यतिबेला कामको लागि आफ्नो खेतबारीमा नै व्यस्त हुन्छ । कामको चाप हुने महिनाहरुमा उनीहरु हलो जोत्ने, खन्ने, बोक्ने जस्ता कठिन कार्यहरु पुरुषहरुले गर्दछन् भने बाली रोप्ने, गोड्ने, काट्ने, मल फाल्ने आदि कामहरु महिलाहरुले गर्ने गर्दछन् । यहाँका कुमालहरु ज्याला मदजुरी स्थानीय स्तरमा भन्दा उनीहरु खाडी मुलुक तर्फ निकै नै गएको पाइन्छ । उनीहरु ज्यालादारी भन्दा पनी अर्म पर्म, साथ, सहयोग आदिको रुपमा कामको सहयोग लिने गर्दछन् । आजकल केही कुमालहरु पैसा लिएर पनि ज्याला मजदुरी गर्ने गरेको यदाकदा मात्रै पाइन्छ ।

## ५.३.४ अन्य सीपमूलक व्यवसाय

यहाँका कुमालहरुमा अन्य आयआर्जन गर्ने सीपमूलक व्यवसाय भएको देखिदैन । ३ जना कुमालेले ड्राईभरको कामवाट थप आम्दानी गर्ने गरेको, २ जना घर वनाउने ठेक्कामा संलग्न भई आय आर्जन गरेको पाईन्छ ।

## ५.३.५ वर्षभरी खान पुग्ने नपुग्ने स्थिति

राजापानीका कुमाल समुदायसँग रहेको जग्गाको परिमाण, कृषि उत्पादनको स्तर, पशुपालन व्यवसाय, पेशा, ज्याला, मजदुरी, सीपमुलक व्यवसाय जस्ता विविध विषयमा माथि नै उल्लेख गरिसकिएको छ । सामनन्यतः मुख्य पेशा कृषिवाट हुने आम्दानीले उनीहरुको जीवन निर्वाह हुन्छ कि हुँदैन ? अथवा वर्षभरीमा कति महिना खान पुग्छ यसलाई तालिका नं. १८ मा प्रस्तुत गरिएको छ ।

*तालिका नं. १८ : कुमाल समुदायमा परिवारको कुल आम्दानीबाट वर्षभरी खान पुग्ने र नपुग्ने स्थिति*

| खान पुग्ने अवधि महिनामा | परिवार संख्या | % |
|---|---|---|
| १२ महिना | १३ | ५२ |
| ९ महिना | ७ | २८ |
| ६ महिना | ३ | १२ |
| ३ महिना | २ | ८ |
| जम्मा | २५ | १०० |

श्रोत : स्थलगत सर्भेक्षण, २०६७ ।

तालिका नं. १८ बाट स्पष्ट हुन्छ कि राजापानीका कुमाल समुदायमा खान पुग्ने परिवार संख्या १३ (५२ प्रतिशत) छ भने ५ (९२ प्रतिशत) परिवारलाई खान पुग्दैन । खान नपुग्ने यी घरपरिवारहरुले आफ्नो जीवन निर्वाह कसरी चलाइरहेका छन् त भन्ने सन्दर्भमा अध्ययन अनुसन्धान गर्दा के पाइयो भने आफ्नो जग्गा बन्धक राखी ऋण लिने गरेर निर्वाह गरेको पाइयो । यसैगरी २८ प्रतिशत कुमालहरुलाई ९ महिनासम्म खान पुग्ने, १२ प्रतिशत कुमालहरु ६ महिनामात्रै खान पुग्ने देखियो । समग्रमा यहाँका कुमालहरु पटक पटक बाली लगाउने हुँदा खानको लागि खासै समस्या नपरेको बताउँछन् ।

### ५.३.६ खर्चका क्षेत्रहरु

मानिसका आम्दानीका स्रोतहरुले खर्चका क्षेत्रहरुलाई निर्धारण गर्ने गर्दछ । खर्चका क्षेत्रहरु कतिपय बाध्यात्मक पनि हुने गर्दछन् । सामाजिक मूल्य मान्यता आफ्नो आर्थिक उत्पादन, परिवार संख्या जस्ता कुराहरुले समेत खर्चका क्षेत्रहरु निर्धारण गर्दछ । कुमाल समुदायका मानिसहरुको वर्षभरी आफ्नो उत्पादनले खान नपुग्ने कुरा उनीहरुसंग भएको जमिन र खान पुग्ने महिनाका आधारमा अनुमान गर्न सकिन्छ । घरपरिवारको पालन पोषण, रोगव्याधी, शिक्षा, चाडपर्व, मनोरञ्जन आदि लगायतका क्षेत्रमा खर्च गर्नु पर्ने रहेको देखिन्छ । यहाँका  मासिनहरुले खर्चका लागि छुट्टाउने  शीर्षकहरु निम्नानुसार रहेका छन् ।

*तालिका नं. १९  खर्चका क्षेत्रहरुको विवरण (औसत रुपमा प्रतिशतमा)*

| क्र.सं. | क्षेत्र विवरण | प्रतिशत |
|---|---|---|
| १ | खाना | ३० |
| २ | चाडपर्व | १५ |
| ३ | शिक्षा | १० |
| ४ | स्वास्थ्य | १० |
| ५ | लत्ताकपडा | ५ |
| ६ | मनोरञ्जन | २५ |
| ७ | विविध | ५ |
| | जम्मा | १०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०६७ ।

यस अध्ययन क्षेत्रका कुमाल समुदायका मासिहरुले औसत रुपमा खानामा ३० % खर्च गर्दछन् । खाना पछिको ठूलो खर्चको हिस्सा उनीहरुको मनोरञ्जनमा जान्छ । जुन उनीहरुको कुल आम्दानीको २५%, ओगटेको छ । यहाँ प्रतिशत निकाल्ने सन्दर्भमा उत्तरदाताहरुले आफ्नो आम्दानीको निश्चित रुपैयाँको विवरण नदिएर अनुमानित प्रतिशतमा बताएको आधारमा माथिको तालिका प्रस्तुत गरिएको छ ।  अतः खर्चको क्षेत्रहरु व्यापक देखिएको र आम्दानीको स्रोतहरु पाउन कठिन देखिन्छ । कृषि पेशा, ज्याला, मजदुरी जस्ता अर्ध बेरोजगारी पेशाले उनीहरुको जीवनस्तर माथि उठ्न सकिरहेको छैन । उल्लेखित खर्च शिर्षकहरुको अनुपातलाई हेर्दा  उनीहरुले शिक्षा, स्वास्थ्यमा कम महत्व दिएको पाईन्छ ।

# अध्याय छ

# सारांश, निष्कर्ष र सुझाव

## ६.१ सारांश :

जातजातिका वारेमा धेरै अध्ययनहरु भएका छन् तर यसको तुलनामा पिछडिएको कुमाल जातिको विस्तृत अध्ययन निकै कम मात्रामा भएको पाईन्छ । यसै सन्दर्भमा त्यही पिछडिएको अवस्थामा जीवन यापन गर्न विवश कुमाल जातिको सामाजिक, साँस्कृतिक एवं आर्थिक पक्षको अध्ययन यस शोधपत्रमा प्रस्तुत गरिएको छ । जुन कुमाल जातिका वारेमा जान्न चाहाने विद्यार्थी, संघसंस्था, शोधकर्ता लगायत नीति निर्माता सवैका लागि उपयोगी हुन सक्छ । यस अध्ययनका विभिन्न एकाइहरुलाई अलग अलग रुपमा व्याख्या गरिएको छ ।

कुमाल जातिको बारेमा सोधपत्र तयार गर्ने क्रममा विभिन्न विद्वान्हरुले विभिन्न पुस्तकमा विभिन्न जनजाति एवं कुमाल समुदायसँग सम्बन्धित रहेर उल्लेख गरेका चर्चाहरुलाई अध्ययनको मुख्य अंशको रुपमा व्याख्या गरिएको छ । खोटाङ्ग जिल्लाको राजापानी गा.वि.स.लाई अध्ययनको मुख्य क्षेत्रको रुपमा छनौट गरिएको छ । प्राथमिक तथ्याङ्क र द्वितीय तथ्याङ्कका माध्यमबाट विवरणात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचालाई प्रस्तुत गरिएको छ ।

राजापानी गा.वि.स.को साधने र हरबोटेमा कुमालहरुको कुल घरधुरी संख्या २५ र जनसंख्या १४४ रहेको छ । जसमा पुरुष ७० जना र महिला ७४ जना रहेका छन् । जस मध्ये पनि १४ वर्ष भन्दा मुनि र ६० वर्ष भन्दा माथिको आश्रित जनसंख्या ६० छ । जुन कुल जनसंख्याको ४१.६६ प्रतिशत हुन आउछ भने आर्थिक रुपमा सक्रिय १५ देखि ५९ वर्ष उमेर समुहका मानिसहरुको संख्या ८४ छ । जुन कुल जनसंख्याको ५८.३३ प्रतिशत हुन आउछ ।

यहाँको कुमाल समुदायमा मागी विवाह तथा भागी विवाह चलन चल्तिमा रहेका छन् ।सामान्यतया कुमालहरुले १५ देखि ३० वर्ष भित्रमानै आफ्ना छोराछोरीको विवाह गरिदिएको पाइन्छ । यहाँको कुमाल समुदाय परम्परागत रुपमा संयुक्त वा ठूलो परिवारमा बसेको देखिएता पनि हाल यिनीहरु विस्तार विस्तार एकात्मक वा सानो परिवार प्रथाप्रति झुकाव राख्न थालेको पाइन्छ । यहाकाँ २५ घरधुरी कुमाल मध्ये ४० प्रतिशत घरधुरी एकात्मक वा सानो परिवारमा, ३२ प्रतिशत घरधुरी मध्यम परिवारमा र २८ प्रतिशत घरधुरी संयुक्त वा ठूलो परिवारमा वसोवास गरेको पाईयो ।

शिक्षाको क्षेत्रमा पनि यहाँको कुमाल समुदाय पछाडि नै परेको देखिन्छ । अहिलेसम्म पनि पढ्नुपर्छ, आफ्नो छोराछोरीलाई विद्यालय पठाउनुपर्छ भन्ने धारणा सबै कुमाल परिवारमा रहेको पाइदैन । छोराछोरीलाई विद्यालय नपठाई घरको काममा लगाउने गरेको पाइन्छ । पाँच वर्षभन्दा माथिको जम्मा जनसंख्यालाई हेर्दा यहाँका कुमालहरुको कुल साक्षरता ५४.६८ प्रतिशत रहेको छ । समग्रमा हेर्दा महिला साक्षरता जम्मा ४१.४३ प्रतिशत र पुरुष साक्षरता ५८.५७ प्रतिशत मात्र देखिन्छ । यसरी हेर्दा यहाँको कुमाल समुदायका ५१.३९ प्रतिशत मानिसहरु निरक्षर रहेको देखिन्छन् । त्यस्तै गरी यहाँका कुमालहरु मध्ये प्रा.वि. स्तरको पढाई पुरा गर्ने ७५.७ प्रतिशत, नि.मा.वि. स्तरको पढाई पुरा गर्ने १५.७ प्रतिशत, मा.वि.स्तरको पढाई पुरा गर्ने ४.२९ र एस.एल.सी. पास गर्ने १.४३ प्रतिशत मात्र देखिन्छ । त्यसै गरी उच्च शिक्षा तर्फ २.८६ प्रतिशत् मात्र देखिन्छ ।

अन्य जातिमा जस्तै यहाँका कुमाल जातिमा पनि पुरुषको तुलनामा महिला साक्षरता कम ४१.४३ प्रतिशत मात्र देखिन्छ । यसरी नै अन्य सामाजिक, आर्थिक क्षेत्रमा पनि महिला पछाडि परेको पाईयो ।

शिक्षाको कमिले गर्दा यहाँका कुमालहरुले सरसफाईमा त्यति ध्यान दिएको देखिदैन । कुमाल समुदायका मानिसहरु विरामी हुँदा झारफूक र टुनामुनामा वढी विश्वास गर्ने भएकोले स्वास्थ्य संस्था तथा अस्पताल कम जाने गरेको देखियो । कुमालहरुका अधिकांश घरमा शौचालय निर्माण गरेको पाइएन ।

शिक्षा र चेतनाको कमिले गर्दा यहाँका कुमालहरु परम्परागत सोचाइ र धारणा ( धामी, झाक्री, बोक्सी आदिमा बढी विश्वास गर्ने, सन्तानलाई ईश्वरको बरदानको रुपमा लिने, परिवार नियोजन गर्‍यो भने कुलदेवता रिसाउँछन् भन्ने आदि) बाट ग्रसित छन् ।

स्थलगत रुपमा कुमाल जातिमा परिवार नियोजन प्रतिको धारणा वुझ्दा परिवार नियोजन स्थायी रुपले गनुपर्छ भन्नेमा ३२ प्रतिशत, परिवार नियोजन अस्थायी रुपले मात्र गर्नु पर्छ भन्नेमा २० प्रतिशत र परिवार नियोजन गर्नु हुदैन भन्नेमा ४८ प्रतिशत कुमालहरुको उत्तर पाईयो । यिनीहरुले आफूलाई दीनहिन रुपमा लिन्छन् ।

कुमाल समुदायको सामाजिक, साँस्कृतिक परम्परा यहाँका अन्य क्षेत्री, वाहुन समुदायका मानिसहरुसंग निकट रहेको पाईयो । कामको लेनदेन तथा अन्य व्यवहारिक समस्यामा पनि यिनीहरुवीच समानता रहेको देखिन्छ । प्राय यस समुदायको बस्ती छुट्टै वस्ती समुहको रुपमा नभई अन्य जातिहरुसंग मिश्रित रुपमा वसोवास गरेको पाईयो ।

खानपिनमा विहान बेलुकी ढिँडो, भात, मकै, रोटी तरकारी खाने र पारिवारिक रुपमा नै रक्सी पिउने गरेको पाइयो । यिनीहरु माछा खान वढी रुचाउछन् । यस समुदायका पुराना पुस्ताका पुरुषहरु कछाड, कमिज, दौरा, सुरुवाल, लगाउने र महिलाहरु गुन्यु, चोली, पटुका, घलेक लगाउँदछन् भने नाक नछेड्ने तर कानमा रिङ, र गलामा तिलहरी लगाउँदछन् । तर नयाँ पुस्ताका युवा युवतीहरु भने आधुनीक कपडाहरु सर्ट, पाइन्ट, कुर्ता सुरुवालतर्फ आकर्षित छन् । यिनीहरु पाहुना सत्कारमा प्राय रक्सी दिन्छन् ।

चाडपर्व तथा पूजाआजामा यस जातिका मानिसहरु मुख्य रुपमा दशैं, तिहार, माघेसंक्रान्ति, वैशाख पूर्णिमा, फागुपूर्णिमा, साउने संक्रान्ति, गौडी पूजा, कुलदेवता पूजा, सत्यनारायण पूजा लगायतका पूजा-आजा गर्ने गरेको सूचनादाताहरु बताउँदछन् । ज्ञानको कमिले गर्दा राजापानीका कुमालहरुले बढी अन्न जाँड, रक्सी बनाउनमा खर्च गर्ने गरेको पाइन्छ । यस्तै आफूसँग नहुँदा पनि अरुसँग ऋण लिएर भएतापनि चाडवाडमा बढी खर्च गर्ने प्रवृत्ति प्रबल रहेको देखिन्छ ।

कुमाल समुदायका सामाजिक संस्कारहरु अन्तर्गत रजश्वला, गर्भावस्था, जन्म संस्कार, न्वारन, पास्नी तथा मृत्यु जस्ता कार्य सम्पन्न गर्ने गरेको स्थानीय उत्तरदाताहरु बताउँदछ ।

यसैगरी सवै २५ घरधुरी कुमालहरुको घरहरु जस्ता र ढुङ्गाले छाएको भएता पनि तिनीहरुको घरको गाह्रोको अवस्था जिर्ण रुपमा रहेको देख्न सकिन्छ । भू स्वामित्व कमी एवं भएको जमीनमा गरिने खेतीवाट उत्पादन हुने खाद्यान्नवाट आफ्नो परिवार धान्न नपुग्ने देखिन्छ ।यस क्षेत्रका कुमालहरुलाई आफ्नो जमिनबाट हुने खाद्यान्न

उत्पादनले वर्षभरी खान अपर्याप्त देखिन्छ । यहाँ ०-३ महिना खान पुग्ने परिवार ४ प्रतिशत, ३-६ महिना खान पुग्ने २० प्रतिशत, ६-९ महिना खान पुग्ने २८ प्रतिशत र १२ महिना खान पुग्ने परिवार ५२ प्रतिशत रहेको देखिन्छ । कुमाल समुदायको उत्पादन प्रकृया परम्परागत किसिमको नै रहेको देखिन्छ ।

यस समुदायको आम्दानीको स्रोत न्यून भएकोले आर्थिक स्थिति कमजोर देखिन्छ । जसको कारणले गर्दा खर्चका क्षेत्रहरु धान्न धौ धौ परेको देखिन्छ । आफ्नो आम्दानीबाट नधान्ने खर्चलाई उनीहरु ऋण सापटीको माध्यमले पूर्ति गर्दछन् । यस समुदायका मानिसहरुले औसत रुपमा खानामा ३० प्रतिशत, चाडपर्वमा १५ प्रतिशत, शिक्षामा १० प्रतिशत, स्वास्थ्यमा १० प्रतिशत, लत्ताकपडामा ५ प्रतिशत, मनोरञ्जनमा २५ प्रतिशत र विविध शिर्षकमा ५ प्रतिशत खर्च गर्ने गरेका सूचनादाता र स्थानीय बासिन्दाहरु बताउँदछन् ।

राजापानीका कुमालहरुले अन्नबाट जाँड रक्सी त बनाउँछ नै तर भू स्वामित्व भने त्यति कमी देखिदैन जे भए पनि भात खानलाई चाहि ज्यालादारीमा जानु पर्दैन । अवलोकनबाट प्राप्त निष्कर्ष अनुसार ठूला ठूला मकैको घोक्रा र चौडा फराकिलो जमिन भएको भूमि देख्न सकिन्छ । धान, मकै र कोदो राम्रोसँग उत्पादन हुने कुरा देख्न सकिन्छ । यसरी यहाँका कुमालहरुको आर्थिक स्थितिलाई मध्यम स्तरको मान्न सकिन्छ ।

कुमालहरु पूर्णरुपमा कृषि, पशु तथा ज्याला मजदुरीमा निर्भर रहेका छन् । वैकल्पिक सीपको अभावले यहाँका कुमालहरु पुरानै हलो, कोदालो वा ग्रामीण कृषि मजदुरीमा मात्र आफूलाई सीमित राख्न बाध्य भएका छन् । ग्रामीण कृषि मजदुरीमा पाउने ज्याला पनि कम छ । यी आदि कारणको फलस्वरुप राजापानीका कुमाल जातिको आर्थिक अवस्था दयनीय नै छ । आफ्नो आम्दानीले वा श्रमले दुईछाक खान सक्ने स्थिति कुमाल परिवारमा विरलै छ । समग्रमा भन्ने हो भने गाँस, बास र कपास जस्ता अनिवार्य आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्न पनि यिनीहरुलाई मुश्किल छ ।

संस्कारहरुतर्फ भने कुमालको जन्म संस्कारमा ५-७ दिनमा न्वारान, ७ महिनामा पास्नी गर्ने, मर्दा तेह्र दिन बार्ने, वर्ष दिनमा परेकोको नाममा काम गर्ने त्यस गाउँको तलपट्टि अथवा पूर्वपट्टी लिपेखोला र दिखुवा खोला र साफ्सु खोखा रहेको मरेकालाई यिनै खोलामा दाहसंस्कार गर्ने गरेको कुरा स्थानिय बासिन्दाहरुबाट थाहा भयो ।

## ६.२ **निष्कर्ष :**

यस अध्ययन क्षेत्रका कुमाल समुदायको अध्ययनबाट निम्न निष्कर्षहरु निकालिएको छ ।

प्राय: कुमालहरुको सामाजिक, साँस्कृतिक परम्मरा, चाडपर्व, पूजाआजा तथा रीतिरिवाज क्षेत्री बाहुनहरुसँग बढी मिल्न जान्छ । कुमालहरुको आफ्नै समुदायमा वोल्नको लागि आफ्नै भाषा छ तर बहुसंख्यक कुमालहरु नेपाली भाषा बोल्ने गर्दछन् । यिनीहरु हिन्दु धर्म मान्छन् र पितृसतात्मक परिवारहरुलाई बढी महत्व दिन्छन् । कुमाल समुदायमा मागी विवाह तथा भागी विवाहको प्रचलन वढी छ । हाल आएर यिनीहरुको एकात्मक वा सानो परिवार प्रतिको चाहना वड्दै गएको देखिन्छ । छोरीको तुलनामा छोराको स्कूल जाने संख्या बढी देखिन्छ । साथै निरक्षरमा महिलाहरुको संख्या बढी देखिन्छ । उच्च शिक्षामा प्रवेश गर्नेको संख्या अत्यन्तै न्युन देखिन्छ ।

कुमालहरुमा परिवार नियोजन, स्वास्थ्य सरसफाई सम्बन्धी जागरण अझै पनि आईसकेको देखिदैन । सामाजिक र राजनैतिक चेतनाको स्तरमा पनि तुलनात्मक रुपमा परिवर्तन हुन सकेको छैन् । उत्पादनको स्थिति परम्परागत देखिन्छ । परम्परागत पेशामा परिवर्तन आएकोले वुहसंख्यक कुमालहरु कृषितर्फ लागेको देखिन्छ । अत: यस समुदायको खर्चलाई आम्दानीको स्रोतले धानेको देखिन्छ ।

## ६.३ सुझावहरु

- परम्परागत रुपमा चलिआएको वर्तमान कृषि प्रणालीमा सुधार ल्याई आधुनिक मल, वीऊ, वीजन आदिको जानकारी गराउदै फलफूल, नगदेवाली, तरकारी खेती तथा उन्नत नस्लका पशुपालनको लागि उनीहरुलाई उत्प्रेरित गराउनु पर्दछ । कृषि पेशामा मात्र भर नपरी आय आर्जनका अन्य वैकल्पिक उपायहरु लघुउद्यम व्यवसाय, नोकरी, व्यापार लगायतका अन्य पेशा तिर पनि विस्तारै लाग्नुपर्छ भन्ने कुराको जानकारी यस जातिमा गराउदै लैजानु आवश्यक देखिन्छ ।
- कुमालहरु शैक्षिक क्षेत्रमा अति नै पछाडि परेका छन् । अशिक्षाको कारणले आर्थिक दुरावस्था र सामाजिक विकृति जन्मिएको छ । यसलाई निराकरण गर्नको लागि सरकारी स्तरबाट नै कुमालहरुलाई निःशुल्क र अनिवार्य तथा व्यवहारिक शिक्षा दिई उनीहरुका वालवालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था समेत हुनु आवश्यक छ ।
- स्वास्थ्य तथा सरसफाईको क्षेत्रमा सुधार ल्याउनको लागि व्यक्तिगत तथा सामुदायिक सरसफाई जस्ता जागरणमूलक कार्यक्रम संचालन गर्ने, कुमाल गाउँको घरघरै शौचालय बनाउन सहयोग गर्ने तथा विरामीलाई तत्कालै स्वास्थ्य संस्थामा लैजाने जस्ता कुरामा चेतना जगाउन आवश्यक छ ।
- प्रस्तुत अध्ययनमा कुमाल जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाका विषयमा मात्र खोज अध्ययन गरिएको छ । समय, स्रोत तथा अन्य प्राविधिक कठिनाईले गर्दा यस अध्ययनमा कुमाल जातिको अन्य सवै पक्षलाई समेट्न सकिएको छैन् । कुमाल जातिको भाषाको विस्तृत अध्ययन र त्यसको जगेर्ना गर्नका लागि गनुपर्ने क्रियाकलाप, कुमाल जातिले आफ्नो पेशा परिवर्तन गर्नपर्नाको कारणहरु, कुमाल जातिमा शैक्षिक स्तर कम हुनुको मुख्य कारणहरु लगायत कुमाल जातिका अन्य यस्ता विविध पक्षमा गहन अध्ययन आउदा दिनमा यस जातिको अध्ययन गर्न इच्छुक अनुसन्धानकर्ता वा खोजकर्ता द्धारा हुन सकेमा अझ राम्रो हुने देखिन्छ ।

# सन्दर्भ सामग्रीहरु


कर्मचारी मिलन केन्द्र, खोटाङ्ग, २०६३: आँखुको सुसेली, वार्षिक मुखपत्र, अंक १० ।

केन्द्रीय तथ्याङक विभाग, २०६२ : तथ्याङ्क गतिविधि, राष्ट्रिय योजना आयोग ।

केन्द्रीय तथ्याङक विभाग, २००१ : तथ्याङ्क गतिविधि, राष्ट्रिय योजना आयोग ।

गैसस महासंघ, खोटाङ्ग,२०६४ : जिल्ला गैर सरकारी संस्था प्रोफाईलः खोटाङ्ग ।

गा.वि.स.महासंघ, खोटाङ्ग,२०५७, राजापानी गा.वि.स. खोटाङ्ग (Village Profile)

खोटाङ्ग जिल्लाको संक्षिप्त परिचय, २०६५ : जि.वि.स.सूचना तथा अभिलेख केन्द्र, खोटाङ्ग, ।

द्विवेदी, पि.के., १९८२ : नेपाली समाज , श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालय ।

नेपालको जनसंख्या प्रतिवेदन, २०६१ : नेपाल सरकार, जनसंख्या तथा वातावरण मन्त्रालय ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५० : बृहत नेपाली शब्दकोष ।

पाण्डे, रामचन्द्र, २०५५ : कुमाल जातिको सामाजिक साँस्कृति तथा आर्थिक अवस्था, (अप्रकाशित शोधपत्र, २०५५) ।

शर्मा पौडेल, हिरामणी, २०३४: कुमाल भाषाको अध्ययन, साझा प्रकाशन, काठमाडौँ ।

बराल, केशरजङ्ग २०५० : मगरहरुको संस्कृति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

विष्ट, डोर बहादुर, २०३० :सबै जातको फूलवारी, साझा प्रकाशन, काठमाण्डौ ।

रिजाल, सूरेन्द्र २०५५ : कुमाल जातिको सामाजिक साँस्कृति तथा आर्थिक अवस्था, (अप्रकाशित शोधपत्र, २०६३) ।

सूचना विभाग, २०३१, मेचीदेखि महाकालीसम्म, सूचना विभाग, श्री ५ को सरकार ।

ज्ञवाली, दामोदर २०५१, जनसंख्या शिक्षा, विद्यार्थी पुस्तक भण्डार ,डिल्लिवजार काठमाण्डौ ।

Bista, D. B., 1976: People of Nepal, Ratna Pustak Bhandar, Kathmandu.

Caplan, L.P.1970 ,Land and social change in east Nepal, Routledge and kegan Paul, London: Intertext Books, 1972.

Fisher, J.F. 1985: Trans Himilian Traders, Motilal ,Banarsidass pvt., India.

Nepali, G. S., 1965 : The Newar, An Ethno sociological study of Himilayan community, United Asian publication, Bombay.

Ortner, 1970 : Sherpas through Their Ritual, Cambridge University Press.

Pignede B., 1973: The Gurung: A Himilayan Population Of Nepal, Sarah Harrison and Allen Macforlance (Ed.) Kathmandu, Ratna Pustak Bhandar.

Regmi, R. K. 1982: Dhimals, Miraculus Migrants of 1992 Himala, Nirala, Delhi.